जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मंगलमय
शुभकामना
हिन्दूहरुको आस्था र निष्ठाको महान त्यौहार छठ पर्वको पावन अवसरमा सम्पूर्ण श्रद्धालु भक्तजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

**सूचना** : छठ पर्वको अवसरमा आइतबार जनकपुर टुडेको कार्यालय विदा रहने भएकाले अगामी अंक मंगलवार प्रकासित हुनेछ । -प्रकाशक

वर्ष २५ • अंक १५५ • २०७९ साल कार्तिक १३ गते आइतबार (30 October, Sunday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# जुलीलाई २४ घण्टे स्पष्टीकरण, कारबाही हुन सक्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले धनुषा क्षेत्र नं. ३ मा नेकपा एमालेको तर्फबाट प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवार रहेकी जुली कुमारी महतो (महासेठ) लाई स्पष्टीकरण सोधेको छ ।

तस्वीरसहितको फ्लेक्स अटो रिक्साको पछाडि राखी निर्वाचन प्रचारप्रसार गरेको कार्य निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (ड) को प्रतिकूल रहेको आयोगले ठहर गरेको छ ।

निर्वाचन आचारसंहिताको विपरीत हुने गरी प्रचारप्रसार गर्ने कार्य गर्नु भएको देखिएको हुँदा यो पत्र तपाईंलाई कुनै माध्यमबाट प्राप्त भएको २४ घण्टाभित्र आफैं वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोगमा वा जिल्ला निर्वाचन कार्यालय धनुषामा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न आयोगले निर्देशन दिएको छ ।

स्पष्टीकरण पत्रमा भनिएको छ-'तपाईंले निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा १ को खण्ड (ड) को प्रतिकूल हुने गरी निर्वाचन प्रचारप्रसार गर्नु भएको होइन भन्ने आधार, प्रमाण के छ ? निर्वाचनका प्रक्रियाहरू अगाडि बढिसकेको तथा निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा तपाईंले किन जानाजान रुपमा निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने कार्य गर्नुभएको हो ?'

आयोगले दिएको साठी बुँदे निर्देशनबारे जानकारी हुँदा हुँदै पनि निर्वाचन आचारसंहिताको उल्लंघनमा तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिमको कारबाही किन हुनु नपर्ने हो ? स्पष्टीकरणमा उल्लेख गरिएको छ ।

चुनावको उम्मेदवारी दर्ता भएकै बेला पनि महतोले निर्वाचन क्षेत्रभरि झुण्डयाएका झण्डा र फलेक्स पोष्टरहरु प्रहरीले हटाएको थियो ।आयोगले प्रमाणसमेत फेला पारेकाले उनलाई कारबाही हुन सक्ने संभावना छ ।




# लोकपर्व छठको आज सन्ध्या अर्घ

**टुडे समाचारदाता**

जनकपुरधाम । छठ पर्वको तेस्रो दिन आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिइनेछ । साँझ श्रद्धालुहरु छठ घाटमा पुगी अस्ताउँदो सुर्यलाई सन्ध्या अर्घ अर्पण गरी हर्षोल्लाससहित धार्मिक-सांस्कृतिक आस्था दर्शाइनेछ । चार दिवसीय छठ पर्वमा तेस्रो दिनलाई मुख्य दिन मानिन्छ । सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि यस वर्षको छठ पर्व विधिवत रूपमा सम्पन्न हुनेछ ।

## छठ पर्वको विधि

छठ पर्व निकै कठिन पर्व मानिन्छ । चार दिनको यस पर्वमा व्रतालुले दुई दिन बिना अन्न-पानीको भोकै बस्नुपर्छ । जीउ शुद्ध गर्न नुहाउने दिनलाई 'नहाय-खाए' भनिन्छ भने दोस्रो दिन दिनभरि उपवास रही राति 'खीर' बनाई देउतालाई चढाएर खाने विधिलाई 'खरना' भनिन्छ ।

त्यस्तै मूल दिनमा ठकुवा, भुसवा आदि कृषिजन्य उत्पादनबाट बनाइएका परिकारहरूसँगै केराको घेउर, माटोको हात्ती, सुप, कनसुपती, कलशसहितको घैंटो आदि सामग्रीको स्वच्छता र पवित्रतापूर्वक व्यवस्था गरिन्छ र साँझतिर अस्ताउने सूर्यको नमन गर्दै अर्घ दिइन्छ ।

छठ यस्तो पर्व हो, जसमा अस्ताञ्चलगामी (अस्ताउँदो) सूर्यलाई पनि पूजा गर्ने परम्परा छ । बिहानपख उदाउँदो सूर्यलाई अर्घ दिई पर्वको समापन गरिन्छ । छठ पूजामा साँझको समयमा जुन सामग्री सूर्य देवतालाई प्रसादको रूपमा अर्घ अर्पण गरिन्छ सोही प्रसाद पुनः बिहानको समयमा अर्थात् 'भोरका अर्घ' मा अर्पण गर्ने लोक-परम्परा रहेको छ ।

किसानले आफ्नो खेतबारीमा उब्जाएका पहिलो अन्न लगायतका बाली सूर्यलाई प्रसादको रुपमा अर्घ दिने गरेका छन् ।भगवान सूर्यको कृपाले किसानको बाली सप्रिने गरेकाले खुशी भएर पहिलो उत्पादन भगवानलाई समर्पित गरिने चलन रहेको कतिपयको मान्यता छ ।

सूर्य देवतालाई अर्पण गरिएको प्रसादहरू साँझदेखि बिहानसम्म जलाशयस्थित घाटमा नै राखिन्छ । तर नदी किनारमा घाट रहेका स्थानहरूमा असुरक्षाका कारण प्रसादहरू साँझको अर्घपछि घर लगिन्छ र बिहान सूर्य उदाउनु अगावै पुनः त्यो प्रसाद घाटमा ल्याइन्छ ।

बिहानीको अर्घ दिइसकेपछि व्रतालुहरू प्रसाद ग्रहण गरी आफ्नो उपवास (व्रत) समाप्त गर्छन्, जसलाई 'पारन' भनिन्छ । छठ पर्वमा अस्था राखेपछि दुःखबाट मुक्ति, सन्तान प्राप्ति, चर्मरोग निको हुने र पारिवारिक सुख शान्ति हुने जन विश्वास छ ।






# साडी वितरण



**टुडे समाचारदाता**

वीरगञ्ज । छठ पर्वको अवसरमा वीरगञ्ज कारागारमा रहेका ८० जना महिलालाई साडी वितरण गरिएको छ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अर्न्तगत रुंगटा वेलफेयर सोसाइटीको सहयोगमा ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले साडी वितरण गरेका छन्। वीरगञ्ज महानगरालिका वडा नम्बर ५ स्थित वीरगञ्ज कारागारमा रहेका ८० जना महिलाहरुलाई साडी र पिठो वितरण गरिएको छ।

जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकाल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक रमेश कुमार बस्नेत, सशस्त्र प्रहरी बेल १३ नम्बर गण वीरगञ्ज पर्साका प्रमुख सशस्त्र प्रहरी उपरीषक तेज प्रसाद पोखरेल, रुंगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रुंगटा, कारागार सुरक्षा गार्ड वीरगञ्जका निमित्त कारागार प्रमुख नवराज बर्तौला, वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक विशाल मल्ल, वीरगञ्ज युवा समाजका अध्यक्ष कमल चौगाई लगायतको उपस्थितिमा साडी र पिठो वितरण गरिएको छ।

# मिथिलाञ्चलमा सामा चकेवा पर्व सुरु

**टुडे समाचारदाता**

जलेश्वर । मिथिलाञ्चलमा दाजुभाइ तथा दिदीबहिनीको प्रेमको प्रतीक मानिएको सामा चकेवा पर्व शनिबारदेखि सुरु भएको छ । यो पर्व आज पञ्चमीदेखि सुरु भई १० दिनसम्म चल्नेछन् भने एघारौं दिन पूर्णिमाका रात सामा चकेवालाई विसर्जन गरिन्छ । दस दिनसम्म मिथिलाञ्चलकी दिदीबहिनी, छोरीबुहारी तथा महिलाहरूले आ-आफ्ना दाजुभाइको दीर्घायुको कामना गर्दै सामा चकेवा खेल्ने गर्दछन् ।

शनिबारको दिन बिहानै दिदीबहिनीहरूले समूहमा गीत गाउँदै गाउँको खेत तथा भिरमा गएर दाजुभाइको हातबाट खनिएको माटो ल्याएर गिलो पारी विभिन्न प्रकारका कलात्मक सामा चकेवा बनाएका छन् । सामा चकेवा बेलुका सुकिसकेपछि त्यसमा विभिन्न प्रकारका रङ्गहरू भरेर रङ्गीचङ्गी बनाइन्छ । रङ्गिसकेको सामा चकेवा रातिको बेला रातो रङ्गको बाँसको डालामा राखेर दियो बाली गाउँका प्रत्येक चौक, चौराहा, दोबाटो, चौबाटो, सार्वजनिक स्कुल, धर्मशाला, मन्दिर र छठघाटमा समेत लगेर १० दिनसम्म नाचगान गर्दै चेलीबेटीहरूले सामा चकेवा खेल खेल्छन् ।

समूहगत रुपमा चेलीबेटी तथा छोरीबुहारीहरू 'गामके अधिकारी तोहे बरका भैया हो, भैया हातदश पोखरी खुनाई दिय, चंपा फूल लगाइदिय' 'सामचको सामचको ऐहा हो, ऐहा हो, गुँढ खेतमे भसिया हो' लगायत गीतहरू गाएर सामा चकेवा खेल्ने तथा समूहमै सबै दाजुभाइको दीर्घायुको कामना गर्ने गर्दछन् । एघारौं दिनमा बिहानै दिदीबहिनीले पुनः सामा चकेवा बनाएर रङ्गरोगन गरी बेलुका दही चिउरा खुवाउँछन र त्यसबटै दाजुभाइको फाँर भराउने तथा दाजुभाइबाट सामा चकेवा फुटाउन लगाएर बाजागाजासहित नाचगान गर्दै गाउँको नजिक जोतिएको खेतमा लगेर विसर्जन गर्दछन् ।

मिथिलाञ्चलकी हरेक दिदीबहिनीहरूले सामा चकेवा पर्वलाई निकै मन पराउने र माइतीमा गएर मनाउने इच्छा गर्ने भएकाले टाढाटाढाका दिदीबहिनीहरू पनि माइत जाने गर्दछन् । अन्य पर्वजस्तै भाइबहिनीको प्रेमको प्रतीक मानिएको यस पर्वमा दाजुभाइ तथा दिदीबहिनी हुनेहरूका लागि निकै महत्वपूर्ण मानिन्छ । यस पर्वमा दाजुभाइ तथा दिदीबहिनी नहुनेहरूले टोल छिमेका दाजुभाइ तथा दिदीबहिनीहरूसँग मनाउने गर्दछन् ।

सामा चकेवा खेल्नाले दाजुभाइको आयु लामो हुने तथा दिदीबहिनीहरूप्रतिको सम्बन्ध प्रगाढ हुने जनविश्वासअनुरुप तराईको महोत्तरी, सर्लाही, सिरहा, धनुषा, सप्तरी, बारा, पर्सालगायत सीमावर्ती भारतीय जिल्लाहरूमा यो पर्व लोकप्रिय बन्दै आएकाले हर्षोल्लासका साथ मनाउने गर्दछन् । मिथिलाञ्चलमा छठ पर्वको सन्ध्याकालीन अर्घ्य दिनुभन्दा एक दिनपूर्व (आज) देखि सामा चकेवा पर्वको आगमन हुन्छ भने छठको तयारीसँगै यस पर्वका लागि पनि दिदीबहिनीहरूले जोरजाम गर्ने गर्दछन् । यस पर्वमा स-साना नानीहरू बढी उत्साहित हुने गर्दछन् भने उमेर नाघेका महिलासमेत पर्वको रमझममा हराउन पुग्छन् ।

# 'देश र प्रदेशको विकासको लागि सामाजिक एकता आवश्यक'

**टुडे समाचारदाता**





जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ को २ बाट तमलोपाका उम्मेदवार असगर अलिले देश र प्रदेशको विकास र सम्वृद्धिको लागि सामाजिक एकता र भाइचारा आवश्यक रहेको बताएका छन ।

शनिवार जनकपुरधाम-२५स्थित घरदैलो कार्यक्रमलाई पश्चात आयोजना गरिएको कोणसभामा उम्मेदवार अलिले सच्चा र देशभक्त राजनीतिकर्मीले जातपात र धर्मको राजनीति कहिल्यै गर्दैनन् बताए।

उनले राजनीतिकर्मीले सधै देश र जनताको हितको लागि गर्छन्,समाजमा हरेक वर्ग, समुदाय, जातजाती विकास सम्वृद्धिका लागि संघर्षरत रहन्छन् । समाजमा पछाडि परेका, उत्पीडन र विभेदमा परेका समुदायको उत्थानको लागि तत्पर रहन्छन् बताए । मधेश केन्द्रित दलहरुले मधेशको मुद्दा छोडिसकेको बताउँदै उनले भने ठूलठूला राजनीतिक दलहरुकै कारण लाखौं मधेशीका सन्तानले नागरिकताबाट वञ्चित छन्, नागरिकताको अभावमा उनीहरुको उच्च शिक्षादिक्षा हुन सकिरहेको छैन,नत कही रोजगारी नै पाउन सकिरहेका छैनन्, त्यसकारण त्यस्ता दलहरुलाई पहिचान गर्ने यहि मौका रहेकोले सचेत भइ मतदान गर्नुको विकल्प नरहेको उनले धारणा राखे । जनकपुरधामलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नुपर्ने बताउदै उनले जनकपुरधामलाई नेपालकै नमुना धार्मिक पर्यटकीय शहरको रुपमा विकास गरेको खण्डमा यहाँको आर्थिक कारोवारमा वृद्धि हुनुको साथै स्थानीय युवाहरुको लागि रोजगारीको अवस्था सृजना हुने बताए।

# मधेश प्रदेशका दुई उम्मेदवारलाई माओवादीको कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा (माओवादी केन्द्र)ले पार्टी र गठबन्धनका उम्मेदवारका विरुद्ध स्वतन्त्र उम्मेदवारी दिने मधेश प्रदेशका दुई नेतालाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको छ।

माओवादीले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा स्वतन्त्र उम्मेदवारी दिएका केन्द्रीय सदस्य अशोककुमार मण्डल र वीरेन्द्र यादवलाई कारबाही गरेको छ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्बन्धित प्रदेश समितिका इन्चार्ज/अध्यक्षको नाममा विशेष परिपत्र गर्दै उनीहरूलाई कारबाही गरिएको जनाएका छन्। मण्डलले सप्तरी क्षेत्र नं १ र यादवले मधेश प्रदेशअन्तर्गतको पर्सा निर्वाचन क्षेत्र नं ४ (१) बाट पार्टी र गठबन्धनका उम्मेदवारका विरुद्ध स्वतन्त्र उम्मेदवारी दिएका छन्।

माओवादीले पार्टीका प्रदेश समिति सदस्यहरू गठबन्धनका विरुद्ध स्वतन्त्र उम्मेदवार रहेको भएमा वा त्यस्ता उम्मेदवारको प्रस्तावक र समर्थक रहेको भएमा तत्काल केन्द्रीय कार्यालयमा कारबाहीका लागि सिफारिस गर्न सम्बन्धित प्रदेश समितिलाई निर्देशन दिएको छ।

# भलिवलको उपाधि शिवनगरलाई



**टुडे समाचारदाता**

महोत्तरी । गौशालामा आयोजित मुन्नी मिश्रि स्मृति भलिवलको उपाधि शिवनगरले जितेको छ। शनिबार भएको फाइनल खेलमा आयोजक सामुदायिक विकास युवा क्लबलाई पराजित गर्दै शिवनगर विजयी भएको हो।

आयोजक सामुदायिक विकास युवा क्लबलाई २-३ सेटको अन्तरले शिवनगरले पराजित गरेको छ। वेस्ट ५ सेट खेलको शुरुवातमा आयोजक सामुदायिक विकास युवा क्लब आक्रमक खेल प्रदर्शन गरे पनि अन्तिम दुई सेटको खेलमा शिवनगर हावी भएका थिए।

विजेता शिवनगरलाई नगद ११ हजार, शिल्ड, मेडल र प्रमाण पत्र प्रमुख अतिथि पोषण थापा र विशिष्ट अतिथि प्रमोद महतोले संयुक्त रुपमा प्रदान गरेका थिए। उप विजेता सामुदायिक विकास युवा क्लबले नगद ५ हजार, शिल्ड, मेड र प्रमाण पत्र प्राप्त गरे।

प्रतियोगितामा वेस्ट बलकर शिवनगरका बसन्त शर्मा, वेस्ट स्ट्राइकर सामुदायिक विकास युवा क्लबका अभिषेक चौधरी, वेस्ट लिफटर महेश चौधरी र वेस्ड डिफेन्डर अरुण चौधरी चुनिए। उनीहरुलाई नगद १ हजार रुपैया र मेडल प्रदान गरिएको थियो।

गौशालाको कान्तिबजारमा सामुदायिक विकास युवा क्लबले लागूऔषध दुर्व्यसन विरुद्ध हाम्रो प्रहार नाराका साथ मुन्नी मिश्रि स्मृति भलिवल प्रतियोगिता आयोजना गरेको थियो।

# भन्सार प्रहरीको ज्यादतीको आरोप

**टुडे समाचारदाता**

कलैया । भन्सारबाट लिएको प्रवेश प्रमाणपत्र च्यातेर बारा प्रहरीले ज्यादती गर्ने गरेका आरोप लगाइएको छ। जाँचका नाउँमा प्रहरी युनिट अगाडि नै बाटो जाम गरी ठाउँठाउँमा दैनिक जाँचको नाउँमा सवारीसाधनलाई रोकेर प्रहरीले दुःख दिने गरेको पीडितहरूको गुनासो छ।

जिल्लाका विभिन्न ठाउँमा रहेका प्रहरी पोष्टहरूले अहिले दैनिक जाँच गर्ने गरेका तथा लामो समयसम्म सवारी साधन रोकेर रकम असुल्ने गरेको पीडितहरूले आरोप लगाएका छन्। भारतबाट मटिअर्वा छोटी भन्सारबाट नेपाल आएका बिआर०५-एई-८५५९द्यचण्छ-ब्भ-डछछढ नंको मोटरसाइकलधनीलाई तेलकुअवा प्रहरी चौकीले जाँच गर्दा भन्सारको 'इन्ट्री' कागजात च्यातेर फालेको भारत विहार राज्यका डुबहा पञ्चायत दारपा थाना बगही गाउँ निवासी सुबोध कुमार सरार्फले बताए।

उनले भने कागज किन च्यातेको भनी सोध्दा तिमीलाई पनि थुनामा राख्ने जवाफ दिएपछि आफू निराश भएको र जाँचमा खटेका तेलकुअवा प्रहरीले मोटरसाइकल नियन्त्रणमा लिई जिल्लामा पठाइएको छ।

आफूले कुनै कागज नच्यातेको तर मोटरसाइकलको कागज नभएका कारण जिल्लामा पठाएको त्यहाँका प्रहरी सहायक निरीक्षक रामबहादुर यादवले जानकारी दिए।

कागजपत्र ठीक भए पनि जाँचमा खटेका प्रहरीले रकम असुली कार्यमा लागेको जिल्ला पूर्वीचम्पारण आदापुर औरैया निवासी नैमुदिन आलमको पनि गुनसो थियो । आफूले प्रहरीले बोलेअनुसारको जवाफ दिएकाले बलतल्ल प्रहरीले छोडेको उनको कथन छ।

यसैगरी जाँचका क्रममा खटेका प्रहरीले दुई दिनअघि मात्र कागजपत्र ठीक भएपछि बिहानको यात्राका लागि बोहनी गराई दिनुस् भनी अनुरोध आएपछि रु ३० दिनु परेको महागढीमाई नगरपालिका-४ का दिनेश तिवारीले बताए।

# राष्ट्र बैंकको नयाँ निर्देशिकाका बारेमा छलफल

चितवन। नेपाली युवा उद्यमी मञ्च चितवनको आयोजनामा 'ऋणको चालू पुँजीमा राष्ट्र बैंकको नयाँ निर्देशिका र यसको प्रभाव' विषयक अन्तर्क्रिया कार्यक्रम आज सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैंकका निर्देशक देवेन्द्र गौतमले चालू पुँजीको प्रयोजन फरक क्षेत्रमा बढी भएपछि कडाइ गरेको बताउनुभयो।

प्रयोजनभन्दा फरक क्षेत्रमा लगानी हुँदा समस्या भएको भन्दै उहाँले सहज ऋणले फाइदा र बेफाइदा दुवै भएको उहाँको भनाइ थियो।

आन्तरिक उत्पादन बढाउन सुझाव दिँदै स्वदेशी कच्चापदार्थ र रोजगारीमा जोड दिनुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले राष्ट्र बैंकको चालू पुँजीमा पछिल्लो पटक ल्याइएको निर्देशिकाका कारण भएका समस्याका बारेमा प्रकाश पार्नुभएको थियो।रासस

# तराईमा छठको रौनक, बजारमा बढ्यो चहलपहल

**टुडे समाचारदाता**

पर्सा। छठ पर्व सुरु भएसँगै तराईका बजारमा पूजा सामग्री खरिदबिक्रीका लागि हुने चहलपहल बढेको छ। कात्तिक शुक्ल पक्षको चौथी तिथिबाट छठ पर्व विधिवत्मा रुपमा सुरु भएसँगै चहलपहल पनि बढेको हो।

छठ पूजाका लागि आवश्यक पूजन सामग्री, हरियो तरकारी, फलफूल किन्ने ग्राहकहरुको भीड देखिन्छ । खासगरी छठ पूजामा छठी मातालाई अर्पण गरिने प्रसादमा स्याउ, केरा, सुन्तला, पानीसहितको नरिवल, उखु, हरियो बोडी, पानी सिङगडा, गागल, मूला, अदुवाको बोटलगायतका फलफूल, हरियो तरकारी, माटो तथा बाँसका सामग्री खरिद गर्नेको भीड बजारमा देख्न सकिन्छ।

साथै, व्रतालुहरु छठका लागि बाँसको नाङ्लो, ढाकी, कोनिया, डगरी, माटोको हात्ती, दियो, ढकना, कोशिया, कुरवार, केरालगायत फलफूल, उखु, भोगटे, कागती, सखरलगायतका पूजा सामग्री खरिदमा व्यस्त देखिएका छन्।

त्यस्तै छठ पूजामा नयाँ कपडा लाउनुपर्ने भएकाले कपडा पसलहरुमा पनि उत्तिकै भीड हुने गरेको छ । छठ पर्व मनाउनेहरु पोखरीको डिल र नदीको किनारको सरसफाइ गर्दै आ-आफ्ना पूजास्थल सुरक्षित गर्नमा तल्लीन भएर जुटेका छन् । मध्यतराईका जिल्लामा रहेका छठी घाटहरूमा लाखौं रकम खर्चेर सरसफाइ, सजावट र व्यवस्थापनका लागि कामहरू पनि भएका छन् । स्थानीय एफएम रेडियोहरुसमेत छठका गीतले गुञ्जायमान छन् भने बजारलाई छठका सामग्रीहरुले भरिभराउ छ। करिब एक महिना अगावै माछा, मासु खान छाडेका महिलाहरु हिजो शुक्रबार लसुन र प्याज बिना खाना खाएका छन्। उनीहरुले आज रहरको दाल, लौका र भात खान्छन् । छठ पर्वलाई निकै कठिन पर्वका रुपमा लिइन्छ। सूर्य र जलको शक्ति र महत्व झल्काउने यस पर्वमा शुद्ध खाने कुरा खानुपर्ने र यस पर्वमा अन्नपानी नखाई तीन दिन भोकै बसी व्रत गर्ने चलन रहेको वीरगञ्जको सञ्जु देवीले बताइन। तराईका जिल्लाहरुमा हिन्दू धर्ममा वर्षभरि उदाउँदो सूर्यलाई मात्र पूजा गरिए पनि यस पर्वमा उदाउँदो र अस्ताउँदो दुबै सूर्यलाई विशेष रुपले पूजा गरिन्छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : पारिवाहिक सुख। |
| वृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : शिक्षामा उन्नति। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# उल्लासमय पर्वत्यौहार भएन्

मिथिलाको प्राचीन राजधानी र हालको मधेश प्रदेशको समेत राजधानी रहेको जनकपुरधाममा केही पूर्वसम्म पर्वत्यौहारहरु उल्लासमय ढंगले मनाइने गरिन्थ्यो ।दसैं, दीपावली र छठ पर्वमा जनकपुरधामको सौन्दर्य अत्यन्त आकर्षक रहने गर्थ्यो ।छठ पर्व त अत्यन्त प्रचारित नै थियो ।गंगासागर, धनुषसागर लगायतका पवित्र जलाशयहरुमा मनाइने छठ पर्व हेर्न देशभरिबाट मानिसहरु आउने गर्थे ।भारतको सीमावर्ती गाउँका बासिन्दाहरु पनि जनकपुरधामको छठ हेर्न आउने गरेका थिए ।ग्रामीण लगायत कतिपय शहरका पोखरीहरुमा समेत रातभरि घाटमा पूजा सामग्री राख्ने चलन थिएन् ।तर गंगासागरमा रातभरि नै पूजासामग्री राखेर श्रद्धालुहरु जग्राम बस्थे ।गंगासागरको सजावट पनि अत्यन्त आकर्षक रहने गर्थ्यो ।त्यसले छठ पर्वलाई व्यापक प्रचारप्रसार गरिएको थियो ।त्यसले छठ पर्वलाई लोकसम्म पुऱ्याउन ठूलो भूमिका निर्वाह गरे ।छठ पर्वमा हरेक वर्ष व्रतालुहरुको संख्या थपिदै छ ।तर विगतको जस्तो उल्लास भने देखिदैन् ।घाट सजावट औपचारिकतामा सीमित हुन थालेको छ ।खरनाकै साँझबाट पोखरीमा पूजा सामग्री राख्न थालिएको छ ।षष्ठीको सन्ध्याकालीन सूर्यलाई अर्घ दिने धार्मिक र सांस्कृतिक मान्यता रहे पनि त्यस विपरीत पञ्चमीकै दिउँसो घाटमा पूजा सामग्री राख्ने गरिन थालिएको छ ।यो एक प्रकारको विकृत्ति नै हो ।दसैंमा पनि जनकपुरधाममा हरेक वर्ष सजावट लगायतमा कमी आउन थालेको छ ।दीपावलीमा राती नै अधिकांश पसलहरु बन्द हुने गरेका छन् ।विगतमा रातभरि नै पसलहरु खुल्ला रहने, छिमेकी पसलेहरुले संयुक्त रुपमा मनोरञ्जनात्मक कार्यक्रमहरु गर्थे ।तर यस पटक त्यसो देखिएन् ।पसलहरुमा राती पूजा सम्पन्न भए लगतै बन्द गरिएको थियो ।छठमा पनि विगतको तुलनामा सजावट लगायतमा कमी आएको देखिन्छ ।चुनावको मौसममा परेका छठ पर्व अत्यन्त उल्लासमय हुनुपर्ने थियो ।तर त्यस्तो देखिएको छैन् ।छठ पूजा व्यवस्थापनको काम गर्ने क्लव, कमिटीहरुले सामाजिक रुपमा सहयोग नभएको गुनासो गर्छन् ।तर घाटमा पूजा गर्ने श्रद्धालुहरुले क्लव, कमिटीहरुको कारोबार पारदर्शी नभएको आरोप लगाउँछन् ।गुनासा र आरोपप्रत्यारोप भन्दा माथि उठेर सामूहिक रुपमा छठ पर्वको सजावट लगायतका व्यवस्थापन गर्नु आवश्यक छ ।कुनै एकजनाले चाहेर छठलाई उल्लासमय बनाउन सकिदैन् ।सामूहिक प्रयासगरी छठ पर्वलाई आकर्षक बनाइनु पर्छ ।जनकपुरधामको छठलाई सुन्दर र पर्यटकहरुका लागि आकर्षक बनाउन कस्सिनु पर्ने आवश्यकता छ ।मधेश प्रदेशको राजधानीमा आयोजना हुने हरेक पर्वत्यौहारलाई विशेष बनाइनु पर्छ ।मधेश प्रदेशका राजधानी जनकपुरधामको हरेक पर्वत्यौहार उदाहरणीय हुनुपर्छ ।सामाजिक सौहार्द्रता बढाउने र पर्यटकलाई लोभ्याउने बनाइनु पर्छ ।छठ पर्वको हार्दिक मंगलमय शुभकामना ।

# के उपेन्द्रलाई जित सहज छ ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव पुनः सप्तरीबाट चुनावी मैदानमा उत्रनु भएको छ । २०६४ सालमा मोरङ, २०७०मा सुनसरी र २०७४मा सप्तरीको क्षेत्र नं-२ बाट उहाँ निर्वाचित हुनु भएको थियो । यसपल्ट, उहाँ पुनः सोही क्षेत्रबाट उम्मेद्वारी दिनु भएको छ ।

यसपटक उहाँ निर्वाचन क्षेत्र परिवर्तन गर्नु भएन् । आफ्नो क्षेत्रका मतदातामाथि विश्वास वा प्रत्येक निर्वाचनमा क्षेत्र परिवर्तन गर्दा व्यक्तित्वमा समेत असरपर्ने देखेर पुनः सोही क्षेत्रमा उठ्नु भएको बुझिन्छ । उहाँको यो निर्णय स्वागतयोग्य छ । उहाँले आफ्ना आलोचकको तत्काल मुख बन्द गर्नमा सफल भएको छ । निर्वाचन क्षेत्र वा जिल्ला परिवर्तन गरेको भए उहाँले हारको डरले भागेको आरोप लाग्ने थियो ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले चितवन छोडेर गोरखा पुग्नु भयो । जेजस्तो तर्क दिएपनि सर्वसाधारणको नजरमा उहाँ चितवनमा आफूलाई असुरक्षित महशुस गरेपछि गोरखा सर्नु भएको हो । सो कारणले उहाँको आलोचनापनि भइरहेको छ । केपि शर्मा, ओली, शेरबहादुर देउवा, माधवकुमार नेपाल, डा. शेखर कोइराला, रामचन्द्र पौंडललगायत कतिपय नेता पूर्ववत क्षेत्रबाट चुनावमा होमिएका छन् ।

यतिखेर, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवका साथै जनमत पार्टीका अध्यक्ष अध्यक्ष डा. सिके राउत पनि सप्तरीको क्षेत्र नं-२बाट उम्मेद्वार बनेपछि सो क्षेत्र बढी चर्चामा छन् । डा. राउत पहिलो चोटी प्रतिनिधिसभाको उम्मेद्वार बन्नु भएको छ । यसअघि, २०७४को निर्वाचनमा उहाँले मतपत्रको कोठाको बाहिरी भागमा छाप लगाउन आह्वान गर्नुभएको थियो । उक्त निर्वाचनलाई बहिष्कार गरेको रुपमा सम्झनु पर्दछ । विगत पाँच बर्षको अवधिमा पार्टी दर्ता गरी स्थानीयतहको निर्वाचनमा सहभागिता जनाएको थियो । डा. राउतपनि मधेशलाई आधार बनाएर राजनीति गर्नुहुन्छ । मधेशमा आफ्नो पकड बनाउनु छ र संसद्मा मधेशको हकहितका लागि आवाज उठाउने उद्देश्यका साथ निर्वाचनमा सक्रियताका साथ जुटेका छन् ।

अर्कोतर्फ, सत्ता गठबन्धनको तर्फबाट लोसपाका जयप्रकाश ठाकुर पनि छन् । लोसपापनि मधेशकेन्द्रीत राजनीति गर्छन् । समग्रमा भन्नुपर्दा, तीनजना प्रतिस्पर्धीहरुका राजनीतिक आधार मधेश नै हुन् । उपेन्द्र यादव, डा. राउत र ठाकुरबीच प्रतिस्पर्धा हुने देखिन्छ । त्यसो त, सो क्षेत्रबाट सत्रह जना चुनावी मैदानमा छन् । प्रत्येक उम्मेद्वारले आफू जित्ने दावी गरिरहेका छन् । सप्तरीको सदरमुकाम राजविराज नगरपालिकासमेत समावेश सो क्षेत्रबाट अहिलेसम्म कुनैपनि निर्वाचित साँसद दोहराएर जित्ने शौंभाग्यबाट बञ्चित छन् । कोहीपनि दोहराएर नजितेकाले के उपेन्द्र यादवले जितेर नयाँ इतिहास रच्ने हो कि दोहराएर नजित्ने उम्मेद्वारको सूचीमा समावेश हुने हो भन्ने विषयमा गन्थनमन्थन शुरु छ ।

राजविराज नगरपालिका समेटेर बनाइएका सो क्षेत्रबाट २०४८ सालमा काँग्रेसबाट हरिप्रसाद राय, २०५१ सालमा नेपाल सद्भावना पार्टीबाट अनीस अन्सारी, २०५६ सालमा राप्रपाबाट रेणुकुमारी यादव, २०६४ सालको निर्वाचनमा नेपाल सद्भावना पार्टीबाट महेश यादव, २०७०मा माओवादी उम्मेद्वारको रुपमा उमेश यादव र २०७४को निर्वाचनमा सङ्घीय समाजवादी फोरमबाट हाल (जसपा) उपेन्द्र यादव निर्वाचित हुनु भएको हो । उहाँहरुमध्ये श्रीमती रेणुकुमारी यादव सप्तरीको अर्को क्षेत्रबाट निर्वाचित हुनु भएको छ भने अन्य कोही पुनः साँसद बन्न नसकेको हो ।

यसले के सन्देश दिन्छ भने जनतासमक्ष खरो उत्रन नसकेका दल वा निर्वाचित व्यक्तिलाई सो क्षेत्रका मतदाताले पुनः जित्ने मौंका प्रदान गरेको देखिएन् । उपेन्द्र यादव एक सशक्त उम्मेद्वार मात्रै होइन कि जसपाको अध्यक्ष पनि हुनुहुन्छ । उहाँ मधेश







आन्दोलनको नेतृत्वकर्ता पनि हुन । मधेश आन्दोलनको उपलब्धि कति भयो/भएन भन्ने विषयमा बहश आफ्नो ठाउँमा छ । तर, उपेन्द्रप्रति सर्वसाधारण जनताको हेराई अहिलेपनि सकारात्मक नै देखिन्छ । केही असन्तुष्टि पनि देखिएको छ । यसलाई चिर्नमा उहाँ कति सफल हुने हो, त्यो त निर्वाचनको परिणामबाट स्पष्ट हुन्छ ।

> *जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवका साथै जनमत पार्टीका अध्यक्ष अध्यक्ष डा. सिके राउत पनि सप्तरीको क्षेत्र नं-२बाट उम्मेद्वार बनेपछि सो क्षेत्र बढी चर्चामा छन् । डा. राउत पहिलो चोटी प्रतिनिधिसभाको उम्मेद्वार बन्नु भएको छ । यसअघि, २०७४को निर्वाचनमा उहाँले मतपत्रको कोठाको बाहिरी भागमा छाप लगाउन आह्वान गर्नुभएको थियो ।*

तराईका जिल्लाका अधिकांस निर्वाचन क्षेत्रमा पार्टीको सङ्गठनभन्दा जातीय सङ्गठनले नै निर्णायक भूमिका खेल्दै आएको देखिन्छ । त्यसकारणले, प्रायः सवै पार्टीले जातीय प्रभाव र आर्थिक रुपले अतिसम्पन्न व्यक्तिलाई उम्मेद्वार बनाउँछन् । सप्तरीको क्षेत्र नं-२ पनि सो जातीय प्रभावबाट अछूतो छ भन्न मिल्दैन् । सो क्षेत्रमा यादव जातिको बाक्लो उपस्थिति छ । उपेन्द्रपनि सोही जातिको हुनुहुन्छ । तर, यादव जातिकै महेश यादव र उमेश यादव दोहराएर नजितेको विषयलाई विर्सनु हुँदैन् । जातिगत मत एकपटकको लागि हो भनेर विश्वास गरेपनि पुनः निर्वाचित हुनका लागि व्यक्तिको व्यवहार र कार्यकुशलताको आधारमा जनताले मतदान गर्छन् । यसपल्ट, जातिगत आधारमा मत खोज्ने उम्मेद्वारलाई चुनाव जित्न हम्मेहम्मे पर्ने देखिन्छ ।

खासगरी, सप्तरीमा बहुसङ्ख्यक जातिका मत गोलबद्ध हुनासाथ अल्पसङ्ख्यक जातिहरु पनि गोलबद्ध भएर मतदान गरेको विगतमा पनि देखिएको छ । यो एक किसिमको विकृति नै हो । मतदातालाई जातपातबाट माथि उठेर स्वाच्छ छविका व्यक्तिलाई जिताउनका लागि गोलबद्ध हुनुपर्ने आजको आवश्यकता हो । राजनीतिक दृष्टिकोणले परिभाषित गर्दा सप्तरीका वासिन्दाहरु धेरै बढी सजग छन् । कुन उम्मेद्वारको जित्ने सम्भावना बढी छ, त्यसतर्फ तटस्थ मतको झुकाव हुने गर्दछ । कतिपय सर्वसाधारणहरु विभिन्न चोक चौराहा हुने गरेका तर्कवितर्कलाई गहरिएर सुन्ने गर्छन् । त्यसपछि, कसलाई मतदान गर्दा उपयुक्त हुन्छ भनेर निर्णय गर्ने मतदाताहरु पनि छन् ।

**के अवस्था छ, उपेन्द्र यादव को ?**

उपेन्द्र यादवले सत्ता गठबन्धन छोडेर एमालेसँग चुनावी गठजोड गरेपछि चुनावको गणित फेरिएको छ । एमालेसँग गठजोडबाट स्वयं उपेन्द्र यादव कति लाभान्वित हुने विषयमा अहिले आङकलन गर्नु उचित हुँदैन् । तर, २०७४को निर्वाचनमा काँग्रेसको समर्थन पाएपछि उहाँका लागि जित धेरै सहज भएको थियो । उपेन्द्र यादवले करिव २२ हजार मत पाउनु भएका थिए भने उहाँको निकटतम प्रतिद्वन्द्वी माओवादीकेन्द्रका उमेश यादव ११ हजारको हाराहारीमा मत पाएका थिए भने स्वतन्त्र उम्मेद्वार जयप्रकाश ठाकुरले साढे नौं हजार मत पाएका थिए ।

ठाकुर, सत्ता गठबन्धनको समर्थनमा लोसपाका उम्मेद्वार हुन् । उहाँ तेस्रोपटक चुनावी मैदानमा उत्रेका हो । स्थानीयतहको निर्वाचनको मतको आधारमा जसपा र एमालेको तुलनामा गठबन्धनतर्फ मत सङ्ख्या दोब्बर देखिन्छ । स्थानीयतहको निर्वाचनमा उम्मेद्वारले पाएका मतमध्ये अधिकांस मत व्यक्तित्वको आधारमा पाएका हुन्छन् । तसर्थ, स्थानीयतहको आधार विश्लेषण गर्नु उचित होइन् । २०७४को निर्वाचनमा माओवादीकेन्द्रका उमेश यादवले पाएका ११ हजार मतमध्ये अधिकांस मत उनको व्यक्तित्वको आधारमा पाएका मतको रुपमा हेरिन्छ । उमेशको सो मतमध्ये कति मत लोसपाका ठाकुरले पाउने हो भन्ने प्रश्न महत्वपूर्ण छ । उमेश यादव आफू प्रदेशसभामा उठेका छन् । अर्कोतर्फ, उपेन्द्र यादवले पाएको मतमध्ये लोसपा र काँग्रेसको मत घटने सम्भावना छ । यी मतहरुमध्ये ठाकुर र डा. राउतले आफूतिर कति मत तान्नमा सफल हुने हो वा उपेन्द्रले विगतको मतमाथि कतिको पकड राख्न सक्छन् । यी कुराहरुको गहिरो विश्लेषण हुनु आवश्यक छ । यसो हेर्दा, मत असन्तुलित अवस्था छ । त्यसकारण कुन उम्मेद्वार जितको नजिक छ भन्न गाह्रो छ ।

मधेशकेन्द्रीत नेताहरुमध्ये उपेन्द्र यादव र महन्थ ठाकुरप्रति मधेशी समुदाय बढी सकारात्मक दृष्टिकोण राख्छन् । उहाँसँग बढी आशामा पनि राख्नु स्वभाविक पनि हो । तर, वितेको पाँच बर्षको अवधिमा मधेशकेन्द्रीत दलका शीर्ष नेताहरुको आचरण ढुलमुल अवस्थाको रह्यो । केपि ओलीको कट्टर आलोचक मानिएका उपेन्द्र २०७४को निर्वाचनपछि केपि ओलीको नेतृत्वमा गठित सरकारमा सहभागी हुनु, एक बर्षपछि मन्त्री पदबाट राजीनामा गर्नु, ओलीलाई प्रतिगमणकारीको संज्ञा दिनु, पाँच दलीय गठबन्धनमा सामेल हुनु र सो गठबन्धन छोडेर निर्वाचनमा केपि ओलीसँग चुनावी तालमेल गरेपछि कतिपय मधेशका बौद्धिकवर्ग अलमलमा पऱ्यो ।

वास्तवमा उपेन्द्र यादव एक साहसिक एवम् अडान लिने व्यक्ति हुन् । पार्टीलाई समेटेर लग्ने क्रममा कहिँलेकाहि नचाहेर पनि विवादित निर्णय लिनुपर्ने बाध्यता हुन्छ अहिलेपनि मधेशी समुदायमा उपेन्द्रको छवि उच्च नै देखिन्छ । उहाँ राष्ट्रियस्तरमा एक स्थापित नेताको रुपमा पहिचान बनाउनु भएको छ ।

**डा. सिके राउत किन क्षेत्र नं-२ रोजे ?** संविधान निर्माणको क्रममा मधेशीहरुका लागि 'स्वराज'को माग राखेर मुलुकमैं एक किसिमले भुइँचालोनै ल्याउने व्यक्ति हुन, डा. सिके राउत । कहिँले गोप्य त कहिँले खुल्ला ढङ्गले आफ्ना अभिव्यक्ति स्पष्ट रुपमा राख्ने डा. राउत अन्तोगत्वा विधिवत रुपमा संविधानलाई स्विकारदैं जनमत पार्टीको स्थापना गर्नुभयो ।

बडो तडकभडकका साथ पार्टी स्थापना गरेपछि किसानको माग राखेर सडक आन्दोलन र भ्रष्टाचारी कर्मचारीविरुद्ध अभियानमा पनि सञ्चालन गरेको थियो । हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा आशातित सफलता पाउन नसकेका सो पार्टी यतिखेर प्रतिनिधिसभाको निर्वाचनमा सक्रियताका साथ जुटेका छन् । सिके राउत पनि मधेश समुदायका लागि तर्कसङ्गत ढङ्गले जोडदार रुपमा आवाज उठाइरहेका छन् । आर्थिक, सामाजिक एवम् राजनीतिक क्षेत्रमा मधेशी समुदायको उत्थान र वास्तविक हक पाउनका लागि जनमत पार्टी नै मुख्य दलको रुपमा अग्रसर रहने उहाँको बचनबद्धता छ ।

सप्तरीको क्षेत्र नं-२बाट उहाँले उम्मेद्वारी दिएपछि सो क्षेत्रमा चुनावी वातावरण तात्तिएको छ । डा. राउत स्वच्छ छविका साथै विद्वान व्यक्ति हुन भन्ने विषयमा दुई मत छैन् । तर, पहिलोपल्ट चुनावमा उत्रेका डा. राउतलाई उपेन्द्र यादवका साथै गठबन्धन समर्थित लोसपाका उम्मेद्वार जयप्रकाश ठाकुरसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । डा. राउतको विद्वता र बोल्ने शैलीबाट जनतालाई आकर्षित पार्ने क्षमता राख्छ । सो क्षेत्रका मतदाताको नजरमा नयाँ अनुहारको फाईदा पाउने सम्भावना पनि छ । तर, निर्वाचित हुनका लागि बालेनजस्तै लहर ल्याउनुपर्ने हुन्छ । मधेशी मतदाता भावनात्मक रुपमा उहाँसँग जोडिएपछि मात्र जित सहज हुने देखिन्छ ।

डा. राउत उपेन्द्र यादवसँग प्रतिस्पर्धामा किन उत्रेको सन्दर्भमा चर्चा परिचर्चा हुनु स्वभाविक हो । डा. राउतलाई मधेशमा आफ्नो पकड बनाउनु छ । यस कार्यमा उहाँले सवैभन्दा ठूलो बाधा अड्चनको रुपमा उपेन्द्र यादवलाई नै हेर्छन, जस्तो बुझिन्छ । उपेन्द्र यादवलाई पराजित गर्न सक्यो भने मधेशमा आफ्नो दलको प्रभुत्व कायम गर्नमा वल पुग्ने उहाँको रणनीति देखिन्छ । अर्कोतर्फ, राष्ट्रियस्तरका पार्टीका अध्यक्षसँग प्रतिस्पर्धा गर्दा पराजित भएपनि खासै छवि असर नपर्ने सोच पनि हुन सक्छ । सप्तरी वा अन्य क्षेत्रबाट सामान्य उम्मेद्वारसँगको प्रतिस्पर्धामा कतै पराजित भए भने छविमा धक्का लाग्ने डर पनि हुन सक्छ । सप्तरी क्षेत्र नं-२कै स्थायी वासिन्दा भएकाले डा. राउतलाई लाभ प्राप्त हुनेछ । सत्तारुढ दल समर्थित लोसपाका जयप्रकाश ठाकुर पनि चर्चित व्यक्ति हुन् । उहाँ तेस्रोपटक निर्वाचनमा सहभागी भएको छ । प्रत्येक निर्वाचनमा उहाँको मतमा बढोत्तरी भएको छ । यसपल्ट माओवादीकेन्द्र, काँग्रेस र एकीकृत समाजवादीको पनि समर्थन रहेकाले सशक्त उम्मेद्वारमा देखिन्छ ।'इतिश्री'

# गर्भावस्थामा मधुमेहको जोखिम कसरी कम गर्ने?

गर्भवती हुँदा प्रत्येक चेकअपमा डाक्टरले हेर्ने एउटा कुरा भनेको ग्लुकोज हो। कसै-कसैको लागि पिसाबमा देखिनु सामान्य हुन सक्छ, तर यदि यो बारम्बार वा ठूलो मात्रामा देखा पर्यो भने, गर्भावस्थाको समयमा उच्च ग्लुकोज हुन सक्छ, जसलाई गर्भावस्थाको मधुमेह भनिन्छ। यो एक सामान्य अवस्था हो तर अध्ययन्हरुले देखाएको छ कि गर्भवती भएका व्यक्तिहरूमा गर्भावस्थाको मधुमेहको दर बढ्दो छ।

साल (प्लेसेन्टा ) त्यो अंग हो जसले बच्चालाई यो बढ्दै जाँदा पोषण दिनको लागि जोड्दछ। प्लेसेन्टाले केही हार्मोनहरू पनि बनाउँछ जुन शरीरले बनाइने इन्सुलिनको कार्यको विरुद्धमा काम गर्दछ, त्यसैले प्लेसेन्टा बढ्दै जाँदा, यो 'इन्सुलिन प्रतिरोध' पनि गर्दछ। केही व्यक्तिहरूमा, यो परिवर्तन रगतमा चिनीको मात्रा बढाउनको लागि पर्याप्त हुन्छ ।

स्त्री रोग विशेषज्ञहरूले गर्भवती भएका महिलहरूलाई गर्भावस्थाको २४ देखि २८ हप्ताको बीचमा गर्भावस्थामा मधुमेहको जाँच गराउन सिफारिस गर्छन्।

**गर्भावस्थाको मधुमेहको लागि जोखिम्मका कारकहरू के हुन ?**

- ३५ वर्ष भन्दा बढी उमेर।
- बडी मास इन्डेक्स (बीएमआई) ३० भन्दा माथि ।
- टाइप २ मधुमेहको पारिवारिक इतिहास।
- अघिल्लो बच्चा थियो जसको तौल ४ केजी भन्दा बढी।
- पहिले गर्भावस्थामा मधुमेहको इतिहास।
- 'गर्भवती अवास्थमा मधुमेहको लागि जोखिम कारकहरू भएका महीलाहरूका लागि, सामान्यतया गर्भावस्थाको सुरुमा जाँच गराउन सिफारिस गर्छौं - सामान्यतया पहिलो त्रैमासिकमा।'




**गर्भावस्थाको मधुमेहको लागि स्क्रिनिङ प्रक्रिया के हन ?**

५० ग्राम ग्लुकोज समावेश भएको मीठो तरल पदार्थ पिउनुपर्नेहुन्छ। शरीरले यो ग्लुकोज छिट्टै अवशोषित गर्छ, जसले गर्दा रगतमा चिनीको मात्रा बढ्छ। चिनी तरल पदार्थ पिउने एक घण्टा पछि, रगतको परीक्षणले शरीरले ग्लुकोजको घोललाई कति राम्रोसँग प्रशोधन गर्छ मापन गरिन्छ। यदि परीक्षणको परिणामहरूले उच्च रगत ग्लुकोज स्तर देखाउँछ भने, तपाईंले सम्भवतः यस्तै तर लामो परीक्षण लिनुपर्ने छ ।

जसको लागि पहिले नै उपवास (केही नखानु) आवश्यक छ। यस परीक्षणको लागि, १००/७५ ग्राम ग्लुकोजको तरल पिउनुपर्नेहुन्छ; ग्लुकोज पिउनु अघि र प्रत्येक घण्टा पछि तीन घण्टाको लागि रक्त जाँच गरिनेछ। यदि यो परीक्षणले असामान्य नतिजाहरू देखाउँछ भने, गर्भकालीन मधुमेहको निदान गरिनेछ ।

यदी प्रारम्भिक स्क्रिनिङ पहिलो तीन महीना गरीन्छ, यदि त्यो स्क्रिनिङ सामान्य छ भने, २४ देखि २८ हप्ताको वरिपरि पुनः स्क्रिनिङ गर्नुपर्छ ।

**गर्भावस्था मधुमेहको जोखिम कसरी कम गर्ने ?**

**स्वस्थ बानीहरू अपनाउने** – गर्भावस्थाको समयमा मात्र होइन, अघि र पछि पनि ।

**व्यायामः** सामान्यतया, हिड्ने, योग र अन्य कम प्रभाव पार्ने अभ्यासहरू उत्तम हुन्छन्। कुन गतिविधिहरू सही छन् भन्ने बारे आफ्नो डाक्टरसँग कुरा गर्नुहोस् ।

**के खानुहुन्छ** : डाक्टर वा पोषण विशेषज्ञले आहारमा स्वस्थ छनौटहरू गर्न मद्दत गर्न सक्छ। सामान्यतया, कम चिनीको लक्ष्य राख्नुहोस् र आफ्नो आहारमा थप फाइबर थप्नुहोस् (जस्तै काँचो फलफूल र तरकारीहरू, सम्पूर्ण अन्न, नट )।

**गर्भावस्थाको मधुमेह हुनुको जोखिम के हो?**

- सिजेरियन डिलीवरीको उच्च सम्भावना ।
- प्रिक्लाम्पसियाको बढ्दो जोखिम, एक गम्भीर रक्तचाप -अवस्था। औसतभन्दा ठूलो बच्चा जन्माउने सम्भावना (म्याक्रोसोमिया) ।



डा अश्वनी कुमार गुप्ता

- भ्रुण र नवजात मृत्युको अलि बढी जोखिम ।

**गर्भावस्थामा मधुमेह भयो भने के हुन्छ ?**

यदि गर्भावस्थाको मधुमेह भएको पत्ता लागेको छ भने, डाक्टरले गर्भावस्थाभरी नजिकबाट निगरानी गर्नेछ, तर राम्रो बानीमा ध्यान दिनुभयो भने अझै पनि स्वस्थ बच्चा जन्माउन सक्नुहुन्छ ।

जन्म दिए पछि धेरैजसो महीलाहरूको रगतमा चिनीको स्तर डिलिवरी पछि सामान्यमा फर्कन्छ, तर डाक्टरले प्रसवपछिको अवधिमा जाँच गर्नेछ। किनभने गर्भावस्था मधुमेह भएकोले केहि दीर्घकालीन प्रभावहरू छन्, र समग्र जोखिम बढाउँछ । वास्तवमा, गर्भावस्थाको मधुमेह भएका लगभग १० प्रतिशत महिलाहरूलाई थाहा नभएको टाइप २ मधुमेह हुन्छ, र लगभग आधा मानिसहरूलाई १० वर्षमा टाइप २ मधुमेह हुन्छ । **(डा गुप्ता परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, थापाथलीमा कार्यरत छन्।)**

# चितवन क्षेत्र नं ३ः मतदाता ठूला दलका, उम्मेदवार साना दलका




चितवन । चितवन क्षेत्र नं ३ मा विसं २०७४ को सङ्घीय निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (एमाले) का उम्मेदवार थिएनन् । यस पटक पनि यी दुई दलका उम्मेदवार छैनन् । मतदाता भने सबैभन्दा बढी कांग्रेस र दोस्रोमा एमालेका छन् ।

यसअघिको निर्वाचनमा वाम गठबन्धन हुँदा नेकपा एमालेले तेस्रो पार्टीका रुपमा रहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई सो क्षेत्र छाडेको थियो । प्रचण्डसँग चुनावी प्रतिस्पर्धाका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता विक्रम पाण्डेलाई कांग्रेसले सघाएको थियो । निर्वाचनमा दाहालले ४८ हजार दुई सय ७६ मत ल्याएर विजयी हुँदा राप्रपाका पाण्डेले ३८ हजार नौ सय ३५ मत प्राप्त गर्नुभएको थियो ।

समानुपातिकतर्फको मतमा नेपाली कांग्रेसले २६ हजार एक सय ३७, एमालेले २४ हजार एक सय ५५, माओवादी केन्द्रले २२ हजार नौ सय ८८ र तत्कालीन राप्रपा (प्रजातान्त्रिक)ले पाँच हजार छ सय ३३ मत प्राप्त गरेका थिए । यो मतलाई आधार मान्दा पहिलो नेपाली कांग्रेस, दोस्रो नेकपा एमाले र तेस्रोमा माओवादी केन्द्र पर्न आउँछन् । यो स्थितिलाई हेर्दा गठबन्धनका ठूला दुई दल कांग्रेस र माओवादीको ४९ हजार एक सय २५ मत हुन आउँछ । गत स्थानीय तहको चुनावमा यो क्षेत्रमा गठबन्धनका २८ जना वडाध्यक्षका उम्मेदवारले ४५ हजार एक सय ७२ मत प्राप्त गरेका थिए । भरतपुर महानगरपालिकाका १९ वटा वडा र माडी नगरपालिकाका ११ वटा वडा यस क्षेत्रमा पर्दछन् । नेकपा एमालेका वडाध्यक्षहरूले ३० हजार छ सय नौ र राप्रपाका वडाध्यक्षले सात हजार चार सय ५४ मत ल्याएका थिए । भरतपुर महानगरपालिकाबाट कांग्रेसका असन्तुष्ट कार्यकर्ताको नेतृत्व गरेर प्रमुखममा उम्मेदवारी दिनुभएका जगन्नाथ पौडेलले क्षेत्र नं ३ मा पर्ने १९ वटा वडाबाट आठ हजार दुई सय ५३ मत ल्याउनुभएको थियो ।

अहिले नेपाली कांग्रेसको साथ माओवादी केन्द्रका उम्मेदवार डा भोजराज अधिकारीलाई छ भने एमालेको कांग्रेसका असन्तुष्ट दिनेश कोइरालालाई छ । त्यही क्षेत्रमा राप्रपाका नेता पाण्डे पुनः उम्मेदवार हुनुहुन्छ । कांग्रेसकै असन्तुष्ट पक्षका जगन्नाथ पौडेल पनि उम्मेदवार हुनुहुन्छ ।


नेकपा एमालेका जिल्ला अध्यक्ष रामप्रसाद न्यौपाने ठूला दलले दुई पटकसम्म उम्मेदवारी नदिँदा कार्यकर्तामा उत्साह नरहेको बताउनुभयो । निर्वाचनका माध्यमबाट नेतृत्वमा पुग्नका लागि क्षेत्र लिने दिने स्वाभाविक भए पनि दोस्रो पटक पनि छोड्दा भने शुभेच्छुकहरूमा निराशा रहे पनि नेतृत्वले भनेको ठाउँमा मतदान गराउनेमा पार्टीको प्रयत्न रहेको उहाँको भनाइ थियो ।

विसं २०७४ मा आफ्नो पार्टीले दाहाललाई सहयोग गर्दा समानुपातिक मतसमेत कम आएको तर क्षेत्र नं ३ मा एमालेको बलियो पकड रहेको उहाँले बताउनुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका पूर्व जिल्लासभापति टेकप्रसाद गुरुङले कार्यकर्तालाई सन्तुष्ट बनाउन अझै नसकिएको बताउनुभयो । सो क्षेत्रको पहिलो पार्टी भएर पनि दुई पटक उम्मेदवार दिन नसक्दा नोक्सान भए पनि पार्टीको निर्देशनलाई भने मान्नुपर्ने तर दुई ठूला पार्टीका उम्मेदवार नभएकाले नतिजा कस्तो आउँछ भन्न नसकिने उहाँको भनाइ थियो ।

सो क्षेत्रमा अघिल्लो निर्वाचनमा एक लाख २५ हजार आठ सय २३ मतमध्ये ९३ हजार आठ सय १३ अर्थात् ७४दशमलव ५६ प्रतिशत मत खसेकामा ९० हजार दुई सय ९३ सदर भएको थियो । अहिले मतदाता सङ्ख्या बढेर एक लाख ४४ हजार दुई सय ८२ पुगेको छ । सोही अनुपातमा मत खसेमा एक लाख सात हजार पाँच सय ७६ मत खस्ने अनुमान गरिएको छ ।रासस

# कांग्रेसको सङ्कल्पपत्र : आफ्नै नेतृत्वमा सरकार र पाँच वर्षभित्र साढे १२ लाख रोजगारी

काठमाण्डु । समुन्नत नेपालको परिकल्पना र संविधानको रक्षा गर्दै आफ्नो नेतृत्वमा सरकार गठन गर्ने अठोटका साथ नेपाली कांग्रेसले आगामी निर्वाचनका लागि चुनावी सङ्कल्पपत्र सार्वजनिक गरेको छ ।



'संविधानको रक्षा, स्थायित्व र समुन्नतिसहितको आधार : नेपाली कांग्रेसको नेतृत्वमा अबको सरकार' भन्ने मूल नारासहित कांग्रेसले निरन्तरतामा नवीनता र सम्मुनत नेपालको मार्गचित्रसहितका विषयवस्तु प्रस्तुत गरेको छ । कांग्रेसले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशका लागि ल्याएको सङ्कल्पपत्रमा पाँच वर्षभित्र १२ लाख ५० हजार रोजगारी सिर्जना गर्ने र न्यूनतम् वार्षिक सात प्रतिशतको आर्थिक वृद्धिदर कायम गर्ने प्रतिबद्धता जनाएको छ ।

ओम्निबस' आर्थिक सुधारको नयाँ चरण प्रारम्भ गर्दै अर्थतन्त्रमा स्वदेशी उत्पादनमूलक उद्योगको अंश पाँच दशमलव छ प्रतिशतबाट नौ प्रतिशत कायम गर्ने नीति लिइएको छ । कांग्रेसको प्रारम्भिक लक्ष्य तय गर्दै झन्डै ७५ वर्षअघि बिपी कोइरालाले कल्पना गर्नुभएको समुन्नत नेपालको अवधारणका आधारमा सङ्कल्पपत्र तयार गरिएको महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिनुभयो ।

पुँजी सङ्ग्रह र आर्थिक वृद्धि महत्वपूर्ण साधन हुन् तर विकासको साध्य भनेको नागरिकको स्वतन्त्रता, सक्षमता र सवलीकरण नै हो भन्दै कांग्रेसले समुन्नत नेपाल बिपी कोइरालाकै समतामूलक समाजको परिकल्पनाको विस्तारित व्याख्यालाई सङ्कल्पपत्रमा उल्लेख गरेको छ । क्षेत्रगत प्राथमिक एजेन्डाका रुपमा समग्र शिक्षा प्रणालीलाई आर्थिक-सामाजिक रुपान्तरण गरी सबै नागरिकलाई सक्षम, सबल र स्वाभिमानी बनाउने कांग्रेसको लक्ष्य छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता नभएको, प्राविधिक शिक्षा सबैको पहुँचमा नपुगेको र सूचना प्रविधिको तीब्रतर बदलिँदो अवस्था र प्रयोगलाई मध्यनजर गर्दै २१औं शताब्दीले आत्मसात् गरेको सिकाइ पद्धति अपनाएर वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्ने कांग्रेसको प्रतिबद्धता छ ।

कांग्रेसले पाँच वर्षभित्र सिकाइको सङ्कटको मापन संस्थागत गर्ने, महिला (१५-२४ वर्ष) साक्षरता दर ९५ प्रतिशत पुऱ्याउने, इन्टरनेट सेवा पुगेका शैक्षिक संस्था ८० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । कक्षा ११ मा भर्ना हुने दर कम्तीमा ५० प्रतिशत पुऱ्याउने, पाठ्यक्रममा प्राविधिक र व्यावसायिक सीप ४० प्रतिशत, पाठ्यक्रममा प्राविधिक र व्यावासायिक सीप ४० प्रतिशत बनाउने कांग्रेसले नीति अघि सारेको छ ।

विगतमा लिएको स्वास्थ्य नीतिका कारण नेपालले जनस्वास्थ्यका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको ठहर गर्दै कांग्रेसले गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्न नेपालको संविधान र मुलुकको आवश्यकताअनुरुपको जनताकेन्द्रित एकीकृत राष्ट्रिय स्वास्थ्य प्रणाली विकास गर्ने सङ्कल्प लिएको छ ।

**'तीन त्रिहत्तर' को अवधारणा**

कांग्रेसले पाँच वर्षको अवधिमा गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि गर्दै सबैलाई स्वास्थ्य बिमा, सवल स्वास्थ्य प्रणालीको अवधारणासहित 'तीन त्रिहत्तर' को अवधारणा अघि सारेको छ । तीन वर्ष मुनिका बालबालिका र ७३ वर्ष माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको व्यवस्था गरिने सङ्कल्पपत्र प्राविधिक मस्यौदा समितिका संयोजक अर्थशास्त्री डा स्वर्णीम वाग्लेले बताउनुभयो । नसर्ने रोगबाट हुने मृत्युदर एक तिहाइ घटाउने, औसत आयु ७३ बनाई, मातृ मृत्युदर ८० (प्रति एक लाख जीवित जन्म) पुऱ्याउने, स्वास्थ्य बीमित हुने सङ्ख्या शतप्रतिशत पुऱ्याउने, बिमा रकमको दायरा बढाई रु १० लाख पुऱ्याउने, बालकुपोषण २० प्रतिशत घटनाउने लक्ष्य लिएको छ

**डिजिटलाइजेशन नीति**

'डिजिटल नेपालः सुशासन र समुन्नतिको आधार' भन्ने नाराका साथ कांग्रेसले सूचना प्रविधिलाई आर्थिक गतिविधि बढाउन, सुशासन कायम गर्न, प्रविधिमा पहुँच पुऱ्याइ विशेष गरी युवा उद्यमी, अनुसन्धानकर्ता र समग्र निजी क्षेत्रको सिर्जनशीलता प्रवर्द्धन गर्ने उपयोग गर्ने नीति लिएको छ ।

नेपालको कूल गार्हस्थ्य उत्पादनमा अनुसन्धान तथा विकासको अंश ०.३ प्रतिशत रहेकोमा यसलाई बढाएर ०.७ प्रतिशत पुऱ्याइने भनिएको छ । निर्यातमुखी डिजिटलाइजेशनलगायत सूचना सञ्चार क्षेत्रमा दुई लाख युवा संलग्न गराइने उल्लेख छ । टेलिमेडिसिन केन्द्रको स्थापना र सातै प्रदेशमा सूचना ज्ञान पार्क स्थापना, सबै स्थानीय तहलाई उच्च गतिको इन्टरनेट नेटवर्कको पहुँच पुऱ्याउने सङ्कल्पपत्रमा उल्लेख छ । जलवायु परिवर्तन र वातावरण संरक्षणातर्फ सन् २०४५ सम्म शून्य कार्बन (नेट जिरो) लक्ष्यअनुरुप हरित अर्थतन्त्र रोडम्याप प्रारम्भ गर्ने, विद्युतीय सवारी साधन र चुलोको प्रयोग ५० प्रतिशत बनाउने, वन ढाकेको क्षेत्रफल कूल ४७ कायम गर्ने र जलवायु परिवर्तन अनुसन्धान केन्द्र स्थापना गर्ने लक्ष्य लिइएको छ ।

लोकतान्त्रिक तथा संवैधानिक प्रक्रियाबाट जनताको भावनाअनुसार अग्रगामी आर्थिक-सामाजिक रुपान्तरण गर्ने लक्ष्यका साथ स्थापित कांग्रेसले समुन्नत नेपाल कुनै एक व्यक्तिको चमत्कारले होइन, सबै नागरिकको सामूहिक प्रयत्न र सहभागितामा तय गरिने राष्ट्र निर्माणको गतिशील यात्रा हो भनेको छ ।

**पारस्परिक लाभको कूटनीति**

छिमेकी मुलुक चीन र भारतको आर्थिक पुनरुदयसँगै पश्चिमा राष्ट्रको परम्परागत चासोका कारण आगामी दिनमा अन्तर्राष्ट्रिय भूराजनीतिक दबाव र प्रतिस्पर्धाको मञ्च एशिया-प्रशान्त क्षेत्र हुँदै जाने प्रक्षेपण गरेको कांग्रेसले दक्षिण एशियाको शिरमा रहेको नेपालले भूराजनीतिक द्वन्द्वमा नफसी पारस्परिक लाभको कूटनीति गर्नुपर्ने लक्ष्य लिएको छ ।

नेपालको भू-बनोटले ऊर्जा, कृषि, पर्यटन र सूचना प्रविधि जस्ता क्षेत्रमा व्यापक आर्थिक सम्भावना बोकेको उल्लेख गर्दै कांग्रेसले विश्वकै आर्थिक गुरुत्वाकर्षण एशियातिर सर्नु भनेको निर्यात, प्रत्यक्ष विदेशी लगानी, मध्यमवर्गीय पर्यटक र सहुलियतपूर्ण पुँजीको उपलब्धता विकास प्रयत्नका लागि अनुकूल रहेको सङ्कल्पपत्रमा उल्लेख गरेको छ । सङ्कल्पपत्रमा भनिएको छ, "अर्थतन्त्रका चार प्रमुख क्षेत्र वास्तविक, वित्तीय, मौद्रिक र बाह्य फाँटमा देखिएका प्रतिकूलतालाई आफ्नै वैचारिक धरातल, अभ्यास, जन्म, सिकाइ र अनुभव तथा निजी क्षेत्र र नागरिक समाजसँगको परामर्श एवं प्राज्ञिक शोध र अन्तर्राष्ट्रिय साझेदारको सल्लाहका आधारमा समाधान गर्नेछौं ।"रासस

# प्रत्यक्षतर्फको दुई करोड ३६ लाख ८० हजार ५०० मतपत्र छपाइ

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि दुई करोड ३६ लाख ८० हजार पाँच सय मतपत्र छपाइ भएको छ ।



पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि प्रतिनिधिसभातर्फ एक करोड १८ लाख ९८ हजार र प्रदेशसभातर्फ एक करोड १७ लाख ८२ हजार ५०० मतपत्र छपाइ भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार छपाइ भएका मतपत्रमध्ये कात्तिक १३ गते सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर, अछाम, डोटी, डडेलधुरा, बझाङ, बैतडी र दार्चुलामा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फको मतपत्र ढुवानी हुनेछ ।

प्रतिनिधिसभाका लागि एक सय ६५ र प्रदेशसभाका लागि तीन सय ३० निर्वाचन क्षेत्र छन् । उक्त निर्वाचन आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा हुँदैछ ।

आगामी निर्वाचनका लागि एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता कायम छन् । आगामी निर्वाचनबाट प्रतिनिधिसभाको समानुपातिकतर्फ एक सय १० र प्रदेशसभाको समानुपातिकतर्फ दुई सय २० सदस्य निर्वाचित हुनेछन् ।रासस

# गृहमन्त्रीको निर्देशनपछि कालीकोट विष्फोटका घाइतेको हेलिकप्टरबाट उद्धार

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणले कालीकोटको तिलागुफा नगरपालिका-१० रानावाडामा विष्फोटनमा परी गम्भीर घाइते भएकाको उद्धार तथा उपचारमा कुनै कमी हुन नदिन गृह प्रशासनलाई निर्देशन दिनुभएको छ ।

नागरिकको जीवन रक्षा राज्यको पहिलो दायित्व भएकाले त्यसमा कुनै कसर बाँकी नराख्न गृहमन्त्री खाणले गृह प्रशासनलाई निर्देशन दिनुभएको उहाँको सचिवालयले जनाएको छ । गृहमन्त्री खाणको निर्देशनपछि नेपाली सेनाको हेलिकप्टर कालीकोट पुगेर घाइतेको उद्धार गरी सुर्खेत पठाइएको प्रमुख जिल्ला अधिकारी रामहरि शर्माले जानकारी दिनुभयो ।

त्यहाँ विष्फोटक पदार्थ पड्किँदा एक जनाको उपचारका क्रममा मृत्यु भएको र चार जना गम्भीर घाइते भएका छन् । जिल्लाको तिलागुफा नगरपालिका-१० की ४ वर्षीया झरना थापाको उपचारका क्रममा मृत्यु भएको प्रजिअ शर्माले जानकारी दिनुभयो ।

घटनामा सोही ठाउँका ७ वर्षीय कमल थापा, ५ वर्षका मुस्कान थापा, ३ वर्षकी सपना थापा तथा ४ वर्षकी सरस्वती राना गम्भीर घाइते भएको स्थानीय प्रशासनले जनाएको छ । घटना आज बिहान ८ बजेको हो । बच्चा खेल्न जाने क्रममा उनीहरुले नयाँ कुरा देखेर ढुङ्गा हान्दा बम विष्फोट भएको प्रजिअ शर्माले बताउनुभयो । उहाँका अनुसार कुन बम भन्ने नखुलेको र प्रहरी तथा सेनाले अनुसन्धान थालेको छ ।

समाचारका अनुसार नेपाली सेनाको हेलिकप्टर कालीकोट पुगेर घाइते भएका बालबालिकाको थप उपचारका लागि सुर्खेत लगिएको प्रमुख जिल्ला अधिकारी रामहरि शर्माले जानकारी दिनुभयो । प्रहरीले घटना विषयमा अनुसन्धान भइरहेको जनाएको छ । रासस

# तीन वर्षमुनि र ७३ वर्ष माथिका नागरिकलाई निःशुल्क उपचार



काठमाण्डु । नेपाली कांग्रेसले आगामी पाँच वर्षभित्र तीन वर्षमुनिका बालबालिका र ७३ वर्ष उमेर कटेका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने जनाएको छ । कांग्रेसले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि आज सार्वजनिक गरेको पार्टीको चुनावी सङ्कल्पपत्र (घोषणापत्र)मा पार्टीले विगतमा लिएको स्वास्थ्य नीतिका कारण नेपालको जनस्वास्थ्यमा उल्लेख्य उपलब्धी हासिल गरेको बताउँदै आगामी पाँच वर्षभित्र तीन वर्षमुनिका बालबालिका र ७३ वर्ष उमेर कटेका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने जनाएको हो ।

कांग्रेसले जनशक्ति उत्पादन पूर्वाधार निर्माणमा व्यापक वृद्धि भए पनि सहज पहुँच र गुणस्तरको क्षेत्रमा धेरै काम गर्नुपर्ने बाँकी रहेको बताएको छ । गाउँगाउँमा स्वास्थ्य सेवा र जनशक्ति पुऱ्याउने साथै स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्न पाँच वर्षभित्र सबै नागरिकको स्वास्थ्य बिमामार्फत गम्भीर प्रकृतिका रोगको उपचारमा सुनिश्चिता गरिने भएको छ ।

बिमा रकमको दायरा बढाई रु १० लाख पुऱ्याउने, पाँच वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, अति अशक्त, एकल महिला, महिला तथा स्वास्थ्य स्वयं सेविकालाई निःशुल्क बिमा गरिने, सबै महिलालाई निःशुल्क गुणस्तरीय स्यानिटरी प्याडको व्यवस्था गरिने, हरेक स्थानीय तहमा सुविधा सम्पन्न एम्बुलेन्स सेवा व्यवस्था गरिने घोषणापत्रमा उल्लेख छ ।

एकीकृत स्वास्थ्य पूर्वाधार मापदण्डअनुरुप पाँच वर्षभित्र स्वास्थ्य संस्था नभएका दुई हजार ६०० वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने, पाँच वर्षभित्र हरेक प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने, नसर्ने रोगको बढ्दो चापलाई मध्यनजर गरी स्थानीय तहको साझेदारीमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन गरिने भएको छ ।

नयाँ प्रविधिबाट गुणस्तरीय सेवामा द्रुत पहुँचका लागि टेलिमेडिसिन सेवा विस्तार गरिने, दक्ष र सुरक्षित स्वास्थ्यकर्मी भन्ने मान्यताका साथ स्वास्थ्य जनशक्तिलाई उत्प्रेरित र टिकाइराख्न चिकित्सक, नर्स र स्वास्थ्यकर्मीको विद्यमान सेवा सुविधामा १०० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरी पाँच वर्षभित्र क्रमशः ' एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था'को अवधारणा कार्यान्वयन गर्ने घोषणापत्रमा उल्लेख छ ।

अपाङ्गता भएका व्यक्तिलाई ह्वील चेयर, सेतो छडी तथा वैशाखीलगायत आवश्यक भौतिक सामग्री स्थानीय सरकारमार्फत उपलब्ध गराइने, नेपालमा पाइने जडीबुटी तथा औषधिजन्य पदार्थको संरक्षण र सदुपयोग गर्दै आयुर्वेद चिकित्सा पद्धतिको प्रवर्द्धनका लागि राष्ट्रिय आयुर्वेद अध्ययन प्रतिष्ठान स्थापना गर्ने जनाएको छ ।

नागरिकलाई सस्तोमा औषधि उपलब्ध गराउन सरकारले सिधै उत्पादक कम्पनी र देशसँग खरिद गर्ने, एक वर्षभित्र स्वास्थ्य सेवा ऐन, गुणस्तर प्राधिकरण तथा स्वास्थ्य संस्था नियमन ऐन चिकित्सा शिक्षासँग सम्बन्धीत छाता ऐनलगायत परिमार्जन गरेर समयसापेक्ष बनाइने, मदिरा र सुर्तीजन्य पदार्थको उपभोग बिक्रीवितरणलाई नियन्त्रण र नियमन गर्न करको दरमा वृद्धि गर्ने कांग्रेसको घोषणापत्रमा उल्लेख छ ।

जलवायु परिवर्तन र महामारीबाट सिर्जना हुने स्वास्थ्य चुनौतीलाई सामना गर्न अनुसन्धानमा आधारित आपतकालिन स्वास्थ्य संरचनाको विकास गर्ने, रोजगार तथा श्रम क्षेत्रमा हुने जोखिमलाई न्यूनीकरण गर्न जनस्वास्थ्य मापदण्डको तर्जुमा र पूर्ण कार्यान्वयनको व्यवस्था गरिने भएको छ । सुनौला हजार दिनलगायतका कार्यक्रमलाई प्रभावकारी बनाई बालबालिकामा रहेको हालको ३२ प्रतिशत पुड्कोपनको दरलाई २० प्रतिशतभन्दा कममा झार्ने रणनीति कांग्रेसले लिएको छ । सरकारका सबै तहका बजेटमा स्वास्थ्य क्षेत्रमा १० प्रतिशत पुऱ्याउने कांग्रेसले जनाएको छ ।रासस

# २० लाख पर्यटक भित्र्याउने कांग्रेसको संकल्प

काठमाण्डु । नेपाली कांग्रेसले आगामी पाँच वर्षभित्र वार्षिक २० लाख विदेशी पर्यटक पुऱ्याउने महत्वकाङ्क्षी लक्ष्यसहित पार्टीको चुनावी सङ्कल्पपत्र सार्वजनिक गरेको छ ।

दिगो र समावेशी विकासका लागि पर्यटन भन्ने सोचसहित कांग्रेसले पाँच वर्षमा वार्षिक विदेशी पर्यटक आगमन सङ्ख्या १२ लाखबाट २० लाख पुऱ्याउने लक्ष्य लिएको हो । नेपालमा सन् २०१८ र २०१९ मा १२ लाख हाराहारी विदेशी पर्यटक नेपाल भित्रिएको सरकारी तथ्याङ्क छ । कोभिड-१९ महामारीका कारण विदेशी पर्यटक आगमनदर खुम्चियो । महामारीले सबैभन्दा बढी प्रभावित बनाएको यस क्षेत्रलाई पुरानै लयमा फर्काउने लक्ष्यसहित कांग्रेसले सङ्कल्पपत्र ल्याएको छ । नेपाल पर्यटन बोर्डको पछिल्लो विवरणमा आठ महिनामा हवाई मार्ग भएर कूल तीन लाख २६ हजार ६७ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

कांग्रेसले महामारीका कारण मुलुकको पर्यटन क्षेत्रको खस्किएको मनोबल उकास्न पाँच वर्षे रणनीति बनाइने रणनीति अघि सारेको छ । कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान पाँच प्रतिशत पुऱ्याउने भनिएको छ । मुलुकको पर्यटन क्षेत्रको पुनरोत्थानका लागि सरकारले सन् २०२३ देखि २०३२ सम्मको अवधिलाई नेपाल भ्रमण दशकको रुपमा मनाउने घोषणा गरिसकेको छ ।

नेपालमा हाल पर्यटकको औसत बसाई १३ दिन छ । पर्यटकको बसाई लम्ब्याएर खर्च बढाउने कांग्रेसले नीति लिएको छ । पर्यटकको बसाई अवधि १५ दिन पुऱ्याउने र प्रतिपर्यटक खर्च दैनिक ४८ डलरबाट १०० डलर पुऱ्याउने लक्ष्य लिइएको छ ।

कांग्रेसले प्राकृतिक विशिष्टता, सांस्कृतिक वैभवता, रुपान्तरणयोग्य आध्यात्मिकता, भू-बनोटीय सुन्दरता र रणनीतिक भौगोलिक अवस्थितिले गर्दा पर्यटनमा प्रचुर सम्भावना रहेकाले यसलाई दिगो आर्थिक विकासको एउटा आधार हो भनेको छ । नेपाललाई प्रकृतिमा आधारित पर्यटन र साहसिक पर्यटनको लागि अन्तर्राष्ट्रिय गन्तव्य वनाउन आवश्यक कार्य गरिनुका साथै निजी क्षेत्रसँगको सहकार्यमा होटल पूर्वाधार र जनशक्तिको विकास एवं गन्तव्यको प्रवर्द्धन गरिने सङ्कल्पपत्रमा भनिएको छ ।

पश्चिमी राष्ट्रहरू र मध्यम वर्गीय जनघनत्व भएका उदीयमान एशियाली राष्ट्रबाट पर्यटक भित्र्याउन व्यापक बजारीकरण गरिने छ भने हवाई यातायातको एकाधिकारलाई कम गर्दै प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने नीति कांग्रेसले सङ्कल्पपत्रमा उल्लेख गरेको छ । स्थापित तथा उदीयमान गन्तव्यसम्मको सहज र सुलभ पहुँचका लागि पूर्वाधार विस्तार र स्तरोन्नति गरिने छ भने पर्यटकको धेरै चहलपहल हुने स्थान सुरक्षित र डिजिटल नक्सामा देखिने बनाइने छ ।

त्यसैगरी सरकारी र सार्वजनिक नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षण बन्न सक्ने परम्परागत संस्कृतिलाई कलात्मकरुपमा सौन्दर्यकरण गरिने छ । वातावरणमैत्री व्यवसायका रुपमा पर्यटन प्रवर्द्धन गर्दै दिगो विकासको पदमार्गमा अघि बढ्न सामुदायिक वनको विस्तार र पुरातात्विक सम्पदास्थलको संरक्षण गरिने जनाइएको छ ।

पर्वतारोहण, पदयात्रा, जलयात्रा, जङ्गल सफारीजस्ता साहसिक गतिविधिमा पथ प्रदर्शक तथा भरियाका रुपमा काम गर्ने जनशक्तिका लागि दुर्घटना बिमा गरिने छ । विभिन्न स्थानमा रहेका तर प्रयोगमा नआएका विमानस्थल तथा अन्य खाली रहेका सार्वजनिक जग्गा पर्यटकीय गतिविधि विकासका लागि निजी क्षेत्रसँगको सहकार्यमा उपयोग गरिने नीति लिएको छ । नेपालको हवाई सेवालाई थप सुरक्षित र विश्वसनीय बनाउन अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्दै नेपाललाई युरोपियन युनियनको हवाई सुरक्षासम्बन्धी सेफ्टी लिस्टबाट हटाउन पहल गर्ने प्रतिबद्धता जनाइएको छ ।रासस



**रक्षा र उड्डयन मेला** : मानिसहरू टर्कीको रक्षा र उड्डयन मेलाको भ्रमण गर्छन् । *तस्विर : सिन्ह्वा*

# म्यान्मारमा सडक दुर्घटनामा परी आठ जनाको मृत्यु

**सिन्ह्वा**

याङ्गुन । म्यानमारको मध्य 'म्यागवे' क्षेत्रमा शनिबार बिहान भएको सवारी दुर्घटनामा परी आठ जनाको मृत्यु हुनुका साथै अन्य कैयौं घाइते भएका छन् ।

थुगादी शिन उद्धार संस्थाका अनुसार स्थानीय समयअनुसार बिहान ५ :०० बजे 'म्यागवे' क्षेत्रको चोक टाउनशिपमा एक कारले सडकमा रोकेको १२ पाङ्ग्रे लरीलाई ठक्कर दिँदा दुर्घटना भएको हो ।

उहाँले भन्नुभयो, "पाँच जनाको घटनास्थलमा नै र अन्य तीन जनाको अस्पतालमा मृत्यु भएको छ। चालकले मन्द निद्रामा उच्च गतिमा गाडी चलाउँदा दुर्घटना भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ।'

थुगादी शिन उद्धार संस्थाका एक उद्धारकर्मीले सिन्ह्वासँग बताए अनुसार विवाहका लागि मिनीट्रकमा १९ जना सवार रहेको र मृत्यु हुनेमा छ जना महिला रहेको उहाँले जानकारी दिनुभयो ।

# फिलिपिन्स आँधी:सतचालीस जनाको मृत्यु, साठी जना बेपत्ता

**एपी**

मनिला । भीषण वर्षापछिको बाढी पहिरोमा परी फिलिपिन्समा ४७ जनाको मृत्यु भएको छ भने ६० जनाभन्दा बढी बेपत्ता भएका छन् । बिहीबार रातिदेखि शुक्रबार बिहानसम्म परेको आँधीहुरीसहितको मुसलधारे वर्षाले दक्षिणी फिलिपिन्सका तीनवटा शहर अधिक प्रभावित भएका छन् ।

मुस्लिम मिन्डानाओ (बीएआरएमएम) को बाङ्सामोरो स्वायत्त क्षेत्रका आन्तरिक एवं स्थानीय सरकार मन्त्री नागुइब सिनारिम्बोका अनुसार दातु ओडिन सिनसुआतमा ४२ जनाको मृत्यु भएको छ ।

पूर्वी प्रान्त क्यामेरिन्स सुरमा शनिबार बिहान आएको आँधी नाल्गामा परेर पाँच जनाले ज्यान गुमाएका छन् । बाढी प्रभावित क्षेत्रमा उद्धारका काम जारी रहेकाले मृत्यु हुनेको सङ्ख्या अझै बढ्न सक्ने जानकारी उनले दिएका छन् । कुसियोङमा एघार जना बालबालिकाको शव उद्धारकर्मीले माटोको ढिस्कोबाट निकालेका उनले बताए । कुसियोङका ६० जना हराइरहेका छन् ।

मागुइन्डानाओ प्रान्तीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यालयका प्रमुख नसरुल्लाह इमामले स्थानीय बासिन्दाको उद्धारका निम्ति सेना र प्रहरी तैनाथ गरिएको बताएका छन् । हालसम्म सात हजारभन्दा बढी बाढी पीडितलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । फिलिपिन्समा यो वर्षको बाढीपहिरामा परी दुई सय ४० जनाभन्दा बढीको मृत्यु भइसकेको छ ।

# भारतको बिहारमा भीषण आगलागी, ३० जना घाइते

**सिन्ह्वा**

नयाँ दिल्ली । भारतको पूर्वी राज्य बिहारको एक आवासीय भवनमा शनिबार आगलागी हुँदा कम्तीमा ३० जना घाइते भएका छन् ।

बिहारको राजधानी पटनाबाट करिब ९४ किलोमिटर दक्षिणमा पर्ने औरंगाबाद जिल्लाको शाहगञ्ज इलाकामा आगलागी भएको हो । अधिकारीहरूका अनुसार विद्युत चुहावट भई सुरू भएको आगालागीपछि त्यहाँ रहेको ग्यास सिलिण्डर विस्फोट भएको थियो ।

थानीय समयअनुसार बिहान २:३० बजे छठ पूजाका लागि मेरी श्रीमतीले खाना पकाउँदै थिइन् । एक्कासि भवनमा आगो लाग्यो र सबैतिर फैलियो त्यसपछि हामी भाग्न थाल्यौं तर दोडिरहेका हामीहरू सुरक्षित स्थानमा पुग्नु पहिले नै खाना पकाउने ग्यास सिलिन्डर विस्फोट भयो यसै कारण धेरै मानिस घाइते भए ।'

परिवारका लगभग २० जना सदस्य घाइते बनेका स्थानीय ब्यापारी अनिल गोस्वामीले सञ्चारमाध्यमलाई बताउनुभयो ।

आगलागी पछि प्रहरी र दमकल विभागका अधिकारीहरू उद्धारका लागि घटनास्थलमा पुगेका थिए । आगो निभाउने क्रममा सात जना प्रहरी र केही स्थानीयवासीसमेत आगोले पोलेर घाइते भएका समाचारमा जनाइएको छ ।

# प्रतिआतङ्कवाद कोषलाई भारतले पाँच लाख डलर दिने

**एएनआई**

नयाँदिल्ली । भारतले संयुक्त राष्ट्रसङ्घीय प्रतिआतङ्कवाद कोषमा पाँच लाख अमेरिकी डलर योगदान गर्ने घोषणा गरेको छ । आतङ्कवादविरुद्ध लड्न लागि नयाँ र उदीयमान प्रविधिको प्रयोगको प्रतिरोध' विषयमा आजदेखि यहाँ प्रारम्भ भएको राष्ट्रसङ्घीय सुरक्षा परिषद्को विशेष बैठकको पूर्ण सत्रमा विदेशमन्त्री सुब्रमन्यम जयशङ्करले यो वर्ष गर्न सदस्य राष्ट्रहरूलाई आर्थिक सहयोग अपरिहार्य भएको बताउँदै उहाँले मानवताका लागि सबैभन्दा ठूलो खतरा आतङ्कवादविरुद्ध लड्न एकताबद्ध प्रयास आवश्यक भएकामा जोड दिनुभयो । उहाँले आतङ्कवादविरुद्ध प्रयास भए पनि विशेष गरी एशिया र अफ्रिकामा त्यसको कालोछाया बढिरहेको वास्तविकता प्रस्तुत गर्नुभयो ।

यसैबीच, बेलाइतका विदेशमन्त्री जेम्स क्लेभर्लीले सोही बैठकलाई सम्बोधन गर्दै प्रविधिको दुरूपयोग तथा आतङ्ककारी गतिविधिमा कहिँकतैबाट लगानी हुन नहुनेमा जोड दिनुभयो ।

उहाँले आतङ्कवादीका आम्दानीका सबै स्रोत सुकाउनुपर्ने बताउँदै उनीहरूलाई आर्थिक मात्र नभइ प्राविधिकरूपमा पनि एक्ल्याउनुपर्छ भन्नुभयो । सबै अन्तरराष्ट्रिय साझेदारले सामुहिकरूपमा वित्तीय बाटाहरू बन्द गर्नुपर्ने उहाँको भनाइ थियो ।



तथा राष्ट्रसङ्घका सदस्य राष्ट्रको क्षमता बढाउने गतिविधिमा रकम उपयोग गर्न नयाँदिल्लीले उक्त सहयोग प्रदान गर्ने घोषणा गरेको हो ।

'आतङ्कवादी उद्देश्यका भारतले राष्ट्रसङ्घीय कोषमा पाँच लाख अमेरिकी डलर योगदान गर्ने बताउनुभयो । उक्त सहायता रकम भारतको स्वैच्छिक योगदान भएको पनि उहाँले स्पष्ट गर्नुभयो । आतङ्कवादको जोखिम रोक्न तथा प्रतिकार

# सभामुखका श्रीमान्माथि घातक आक्रमण

**सिन्ह्वा**

वासिङटन । अमेरिकी तल्लो सदनका सभामुख न्यान्सी पेलोसीका ८२ वर्षीय श्रीमान्माथि घातक आक्रमण भएको छ । क्यालिफोर्नियाको सान फ्रान्सिस्कोस्थित पेलेसी निवासमा शुक्रबार बिहानै पसेको आक्रमणकारीले पल पेलोसीलाई आक्रमण गरेर घाइते बनाएको सभामुखका सहयोगी ड्रु ह्यामिलले एक विज्ञप्ति निकालेर जनाएका छन् ।

आक्रमणकारीलाई हिरासतमा लिइएको तथा आक्रमणको अनुसन्धान भइरहेको छ । अस्पताल भर्ना भएका पललाई शीघ्र स्वास्थ्य लाभ हुने अपेक्षा गरिएको ह्यामिलले बताएका छन् । घटना हुँदा सभामुख पेलोसी सान फ्रान्सिस्कोमा थिइनन् ।

# सभामुखका श्रीमान्को शल्यक्रिया

**एएनआई**

वासिङटन । अमेरिकी तल्लो सदनकी सभामुख न्यान्सी पेलोसीका श्रीमान्को टाउकोको शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको छ । क्यालिफोर्नियाको सान फ्रान्सिस्कोस्थित पेलेसी निवासमा शुक्रबार बिहानै पसेको आक्रमणकारीले ८२ वर्षीय पल पेलोसीमाथि हथौडी प्रहार गरेको थियो ।

टाउको र हातमा गम्भीर चोट लागेका उहाँलाई जुकरवर्ग सान फ्रान्सिस्को जनरल अस्पताल भर्ना गरिएको थियो । आक्रमणकारीले उहाँलाई बाँध्ने प्रयास गरेको थियो । आक्रमणकारी सभामुखमाथि प्रहार गर्न त्यहाँ गएको अनुमान गरिएको छ । उसले सभामुखसँग भेट्न चाहेको बताएको थियो । केबल न्युज नेटवर्कका अनुसार डेभिड डेपेपलाई आगामी मङ्गलबार हत्या प्रयासलगायत फौज्दारी मुद्दामा न्यायाधीशसमक्ष प्रस्तुत गरिनेछ ।

यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले आक्रमणलाई घृणित कार्य भन्दै त्यसको भर्त्सना गर्नुभएको छ । उहाँले कुनै पनि बाहनामा हिंसा स्वीकार्य नहुने बताउनुभएको छ । अमेरिकामा कुनै पनि किसिमका हिंसालाई स्थान नभएको राष्ट्रपतिले स्पष्ट गर्नुभएको छ ।

# क्षयरोग नियन्त्रणका निम्ति रकम जुटाउन जी ट्वेन्टीको आह्वान

**सिन्ह्वा**

जकार्ता । विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रलाई जोड्ने बहुपक्षीय अन्तरसरकारी मञ्च जी ट्वेन्टीका स्वास्थ्यमन्त्रीले क्षयरोग नियन्त्रणका लागि आपसी साझेदारी एवम् सहकार्य गर्न आह्वान गरेका छन् । कोभिड-१९ पछि सबैभन्दा धेरैको ज्यान लिएको सङ्क्रामक क्षयरोगको नियन्त्रण तथा निवारणका क्षेत्रमा काम गर्न पर्याप्त लगानी आवश्यक भएकाले रकम जुटाउन उनीहरूले आग्रह गरेका हुन् ।

सदस्य देशका स्वास्थ्यमन्त्रीको बालीमा सम्पन्न बैठकपछि उक्त आह्वान गर्दै उनीहरूले प्राप्त हुने रकम सामूहिक प्रयासमा क्षयरोगको औषधि बढीभन्दा बढी उत्पादन गर्ने तथा त्यसविरुद्धको खोप उत्पादनमा उपयोग गरिने बताएका छन् । सन् २०३० सम्ममा विश्वबाट क्षयरोग उन्मूलन गर्ने लक्ष्य हासिल गर्न जी ट्वेन्टीको प्रयासले सार्थक हुने अपेक्षा गरिएको छ ।

# नयाँ सरकार गठनको महासचिव गुटरेसद्वारा स्वागत

**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले इराकमा नयाँ सरकार गठन भएकामा त्यसको स्वागत गर्नुभएको छ । एक्काइस सदस्यीय मन्त्रिपरिषद्मा तीन जना महिला नियुक्त भएकामा त्यसको पनि उहाँले स्वागत गर्नुभएको महासचिवका प्रवक्ताले बताएका छन् ।

महासचिव गुटरेसले नयाँ सरकारलाई सुधार, जवाफदेही र समुज्ज्वल भविष्यका लामो समयदेखि इराकी जनताले गरेका अपेक्षा पूरा गर्न आग्रह गर्नुभएको बताउँदै प्रवक्ता स्टेफेन डुजारिकले नवगठित सरकार र इराकी जनतालाई सहयोग गर्न राष्ट्रसङ्घ पूर्ण प्रतिबद्ध रहेको महासचिवले बताउनुभएको जनाएका छन् ।



# सिरियामा अलपत्र परेका अस्ट्रेलियाली १७ महिला र बालबालिका सिरियाबाट स्वदेश फिर्ता

**सिन्ह्वा**


क्यानबेरा । इस्लामिक स्टेट (आइएस) को पतनपछि सिरियाली शिविरमा अलपत्र परेका १७ जना अस्ट्रेलियाली नागरिकलाई सङ्घीय सरकारले स्वदेश फर्काएको छ । अस्ट्रेलियाका गृहमन्त्री क्लेयर ओनीलले शनिबार बिहान चार महिला र १३ बालबालिका सकुशल अष्ट्रेलिया आइपुगेको पुष्टि गरेका छन् ।

आइएसमा सामेल भएका कट्टरपन्थी अस्ट्रेलियाली नागरिकका श्रीमती र छोराछोरी उत्तरपूर्वी सिरियाको अल होल र अल रोज शिविरमा बस्दै आएका थिए ।

ओनिलले एक विज्ञप्ति जारी गर्दै राष्ट्रिय सुरक्षा सल्लाहअनुसार स्वदेश फर्काउने निर्णय गर्दा सुरक्षा, समुदाय र कल्याणकारी पक्षलाई ध्यानमा राखेर अलपत्र नागरिक स्वदेश फर्कने निर्णय गरिएको बताउनुभएको छ । राष्ट्रिय सुरक्षा निकायले विस्तृत काम गरेपछि ती महिला र उनीहरूका छोराछोरीलाई स्वदेश फर्काउने निर्णय व्यक्तिगत मूल्याङ्कनबाट गरिएको हो,' उहाँले भन्नुभयो ।

बै अस्ट्रेलियाली नागरिकको सुरक्षाका साथै सुपुदर्गी गरिएकाहरूको सुरक्षामा सधैं ध्यान केन्द्रित गरिने छ ।' 'द अस्ट्रेलियन' पत्रिकाका अनुसार सन् २०१९ को जुलाईमा अनाथ बालबालिकाको दुई समूहलाई स्वदेश फर्काइएपछि अस्ट्रेलियालीको यो पहिलो स्वदेश फिर्ती हो ।

हार्दिक समवेदना



जन्म
वि.सं. २०३२/०४/१५
स्वर्गारोहण
वि.सं. २०७५/०७/०३ गते
श्री धर्म संस्थाको सधारण सदस्य **बिजय साह** ज्यूको देहावसान भएकोमा हामी मर्माहत भएका छौ । शोकको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको लागी माता जानकी जी संग प्रार्थना गर्दछौं । भगवानले शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना प्रकट गदर्छौं ।
प्रभाकर प्रसाद साह, उपसभापति
रामचन्द्र साह, सभापति
एवं
श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार

# कतारमा विश्वकप नजिकिएसँगै सयौं आप्रवासी कामदारलाई विदा दिँदै घर पठाइँदै

**एएफपी**

दोहा । कतारी अधिकारीहरुले मध्य दोहामा रहेका सयौं आप्रवासी कामदारलाई उनीहरू बसेको स्थानलाई खालि गर्न दबाव दिइएको छ । कामदारलाई विदामा बस्न दबाव दिइएपछि विश्वकप फुटबलको प्रतिस्पर्धाका लागि लाखौं विदेशी पाहुनाहरूलाई स्वागत गर्ने पर्खाइमा रहेको कतारको छविलाई भने धुमिल पारेको स्थानइ बासिन्दा र कामदारहरुले शनिबार बताएका छन् ।

नोभेम्बर २० देखि सुरु हुने प्रतियोगितासुरु हुनुभन्दा चार हप्ता अघि स्थानीय बासिन्दाका अनुसार बुधबार अबेर राति नगरपालिका कर्मचारी र सुरक्षा गार्डहरू करिब १२ वटा भवनमा पसेका थिए ।

सरकारले ती भवनहरु 'बस्न अयोग्य' भएको, उचित सूचना दिइएको र सबै विस्थापितका लागि 'सुरक्षित र उपयुक्त आवास' को विकल्प खोजिएको जनाएको छ ।

प्रभावित क्षेत्र, मुख्यतया अल-मन्सौराको आसपास, हालका वर्षहरूमा व्यापक रूपमा पुनः विकास गरिएको छ र केहि विश्व कप प्रशंसकहरू त्यस जिल्लाको अपार्टमेन्टमा बस्नेछन् । उक्त अपार्टमेन्टमा बस्दै कतारका भौतिक संरचना निर्माणका लागि काम गर्दै आएका दर्जनौं श्रमिकहरू सडकमा निकालिएका छन् ।

बङ्गलादेशी सवारी चालक युनुस शनिबार बिहानै अल मन्सुराको एउटा सडकमा 'फ्ल्याट बेड'को ट्रकको पछाडि सुतेको उनले बताए ।

उनले भने, "पहिलो रात अस्तव्यस्त थियो र सबैलाई अन्य ठाउँमा जान पर्याप्त ठाउँ थिएन । जे होस्, यो ट्रक मेरो जीवन हो र म यसलाई छोड्ने छैन जबसम्म मसँग सुरक्षित विकल्प आउने छैन । यहाँ म मेरो सवारी साधनलाई रोकेर राख्न सक्छु पार्क गर्न सक्छु ।' अल मन्सौरामा रहेको २४ घण्टा सेवा चल्ने एक स्टोरका दक्षिण एसियाली म्यानेजरले एएफपीसँग कुरा गर्दै आफूले कामदारहरूलाई दुईवटा भवनबाट निकालिएको देखेको बताएका छन् ।

कतारको २८ लाख जनसङ्ख्यामध्ये ८० प्रतिशतभन्दा बढी भारत, पाकिस्तान, बङ्गलादेश, नेपाल, फिलिपिन्स साथै अफ्रिकी मुलुक केन्या र युगान्डालगायत देशबाट आई कामको शिलशिलामा स्थायी तथा अस्थायी बसोबास गर्ने गरेका छन् ।

कतारले विश्वकपका लागि अधिकांश चम्किला नयाँ रङ्गशाला र यातायात पूर्वाधार निर्माण गर्ने विदेशी कामदारहरूको व्यवहारको बारेमा गहन जाँचको सामना गर्नुपरेको छ । यहाँ जबजस्ती विदामा बस्न लगाइएका कादारहरूले तलब नपाएको भन्दै ऊर्जाको धनी राज्यको आलोचना हुँदै आएको छ ।

अन्तर्राष्ट्रिय सङ्घसङ्गठनहरूले हालैका वर्षहरूमा स्थितिमा व्यापक सुधार भएको र कतारले आफ्नो सुधारलाई जोड दिएको बताएका छन्, तर अधिकार समूहहरूले अझै धेरै गर्न आवश्यक रहेको बताएका छन् ।



**छठको लागि उखु** : जनकपुरधाम स्थित पुरानो बजारमा बिक्रीका लागि राखिएको छ। *तस्विर : टुडे*

# कोभिडपछि पहिलोपटक बन्दीपुरमा पर्यटकको चाप

दमौली । कोभिड-१९ को सङ्क्रमणले देशकै अवस्था प्रभावित हुँदा तनहुँको पर्यटकीय नगरी बन्दीपुरको पर्यटनमा असर नपुग्ने कुरै भएन । कोभिड-१९ को सङ्क्रमणका कारण बन्दीपुरको पर्यटन व्यवसाय नराम्ररी प्रभावित बन्यो ।

विदेशी त परको कुरा, स्वदेशी पर्यटक पनि बन्दीपुरमा देखिन मुस्किल परे । कोभिड-१९ को सङ्क्रमण घट्दै गएपछि स्वदेशी पर्यटक फाट्टफुट्ट बन्दीपुरमा देखिन थाले । पर्यटन व्यवसायबाटै गुजारा चलाउँदै आएका यहाँका व्यवसायीमा केही राहतको महशुस हुन थाल्यो ।

बन्दीपुरको पर्यटन व्यवसाय पुनःपुरानै अवस्थामा फर्किने प्रयासमा छ । कोभिड-१९ पछि पहिलो पटक बन्दीपुरमा विदेशी तथा पर्यटकको चाप बढेको छ। तिहारको लामो बिदाका कारण बन्दीपुरमा कोभिडपछि पहिलो पटक पर्यटकको चाप बढेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधान बताउनुहुन्छ ।

"बन्दीपुरमा विदेशी पर्यटक देख्न मुस्किल भइसकेको थियो, शुक्रबार मात्रै एक सय विदेशी पर्यटक बन्दीपुर आइपुगेका छन्", प्रधानले भन्नुभयो, "स्वदेशी पर्यटकको आगमन पनि उल्लेख्य छ ।" विदेशी पर्यटकको सहभागितामा आज बन्दीपुरमा दौड प्रतियोगिता आयोजना हुँदैछ ।

प्रधानका अनुसार शुक्रबार र शनिबार गरी बन्दीपुरमा पाँच हजारभन्दा बढी स्वदेशी पर्यटक आएका छन् । "तिहार र छठका कारण लामो बिदा परेकाले स्वदेशी पर्यटकमा घुम्ने संस्कृतिको विकास भएको छ", उहाँले भन्नुभयो, "दसैं बिदामा पनि स्वदेशी पर्यटकको बन्दीपुरमा आगमन भएको थियो ।"

जाडो मौसम सुरु भएसँगै बन्दीपुरमा पर्यटकको चहलपहल बढ्नेमा व्यवसायी आशावादी छन् । होटल व्यवसायी बसन्त पौडेलले अब बन्दीपुरमा पर्यटकको आगमन बढ्ने बताउनुभयो । यो मौसम विदेशीको घुम्ने समय भएकाले बन्दीपुर आउनेक्रम बढ्नेमा विश्वस्त रहेको उहाँले बताउनुभयो ।

बन्दीपुर आउने विदेशी पर्यटकमध्ये फ्रान्स, बेलायतका बढी छन् । चिनियाँ पर्यटक भने बन्दीपुरमा ठप्प छ । "पहिलापहिला बन्दीपुरमा सबैभन्दा बढी पर्यटक चिनियाँ हुन्थे, तर अहिले चिनियाँ पर्यटक ठप्प छन्, युरोपेली मुलुकका पर्यटक आउँछन्", पौडेलले भन्नुभयो ।

"नेपाल आएका पर्यटक पोखरा, सौराहालगायतका ठाउँसम्म घुम्न निस्किने र त्यही बेला बन्दीपुर भ्रमणका लागि आउने गरेका छन्," उहाँले भन्नुभयो, "यहाँको रीतिरिवाज, रहनसहन देखेर उनीहरु मख्ख पर्छन् ।"

सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृङ्खला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ ।

भक्तपुरे शैलीमा निर्माण गरिएको घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकको पहिलो रोजाइ बन्ने गरेको छ । बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् ।रासस

# रसुवागढी जलविद्युत् आयोजनाको विजुली उत्पादन चालू आवभित्रै

रसुवा । उत्तरी रसुवास्थित टिमुरे क्षेत्रमा निर्माणाधीन रसुवागढी जलविद्युत् आयोजनाबाट चालू आर्थिक वर्षमै विद्युत् उत्पादन गरिने भएको छ ।

भूमिगत संरचनाबाट एक सय ११ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ निर्माण भइरहेको उक्त आयोजनाका सम्पूर्ण पूर्वाधार तयार गरी प्राविधिक समूह विद्युत् उत्पादनको उपकरण जडानमा जुटेको हो ।

जडान भइरहेका तीन वटा टर्वाइनबाट क्रमिकरूपले आगामी चैतदेखि परीक्षण सुरू गरिनेछ । साथै, चालू आर्थिक वर्षभित्रै तीन वटै युनिटबाट विद्युत् ऊर्जा उत्पादन गरी राष्ट्रिय प्रशारण लाइनमा जडान गर्नका लागि प्राविधिकहरु जुटेका छन् ।

भूमिगतरूपले हिमाली जिल्ला रसुवाको भिरपाखोमा नमूनायोग्य संरचना निर्माण गरी २२ मेगावाट क्षमताको चिलिमे विद्युत् ऊर्जा उत्पादन गरेपश्चात् प्राप्त अनुभवका आधारमा चिलिमे जलविद्युत्कै प्राविधिक समूहले सन् २०१३ बाट निर्माणको अगुवाइ लिएको थियो ।

चिलिमेको निर्मातामध्येका एक सदस्य एवं रसुवागढी जलविद्युत् कम्पनीका तत्कालीन प्रबन्ध निर्देशक माधव कोइरालाको एकल डिजाइन रहेको एक सय ११ मेगावाट क्षमताको सो जलविद्युत् आयोजना भौगोलिक असहजताकै कारण निर्माणमा ढिलाइ भएको थियो ।

रसुवागढी जलविद्युत् आयोजनाका आयोजना प्रमुख सत्यराम ज्याख्वका अनुसार उपकरण जडानमा छोटो अवधिमै उल्लेखनीय प्रगति हासिल गर्न सफल भएका कारण २०७९ सालभित्रै परीक्षण उत्पादन गराउने लक्ष्य लिइ प्राविधिक समूहले काम गरिरहेको हो ।

उपकरण जडानका लागि दैनिक एक सयभन्दा बढी दक्ष जनशक्ति परिचालन भइरहेका छन् । उपकरण जडानमा भोइथ इण्डिया कार्यरत रहेको र उसको काम सन्तोषजनक तवरले अगाडि बढिरहेको इलेक्ट्रिकलका वरिष्ठ महाशाखा प्रमुख ई महेन्द्रप्रसाद यादवले बताउनुभयो ।

भोटेकोसी खोलाको बाँध, चार हजार एक सय ८५ मिटर लामो हेडरेस सुरूङ सर्चटैक, पेनस्टक, टेलरेस सुरूङ, भोटेकोसीबाट पानीसँगै सुरूङमा पस्ने बालुवालाई थिग्राउने पोखरीका सम्पूर्ण संरचना निर्माण सम्पन्न गरी उपकरण जडानको काम अगाडि बढेको रसुवागढी जलविद्युत् कम्पनीका सचिव नरनाथ न्यौपानेले बताउनुभयो ।

आयोजनाका कार्यकारी निर्देशक छवि गैरेले भन्नुभयो, "सबै प्रकारका अवरोध पार गरी पछिल्लो समय एकाग्ररूपमा द्रुतगतिले भएको उपकरण जडानकार्यबाट उल्लेखनीय प्रगति हासिल भइरहेका कारण आगामी चैतदेखि परीक्षणतर्फ केन्द्रित हुने लक्ष्य लिइएका छौं ।"

सन् २०१७ मै सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य अगाडि बढाइएको सो आयोजना समयमा सम्पन्न गर्न विविध कठिनाइका कारण ढिलाइ भएको थियो । आयोजना निर्माणको समयावधि लम्बिएका कारण निर्माण लागत केही अंशले बढ्ने प्राविधिकले बताएका छन् ।

विसं २०७९ भित्रैमा परीक्षण उत्पादन गर्ने अठोट गरिए पनि हालसम्म राष्ट्रिय प्रसारण लाइन तयार नहुँदा उत्पादित विद्युत् केही समयका लागि खेरजानेमा प्राविधिकमाझ चिन्ता व्यक्त गरेका छन् ।

उत्पादित बिजुली राष्ट्रिय प्रसारणमा पठाउनका लागि टिमुरेदेखि आमाछोदिङ्मो गाउँपालिकाको थाम्बुचेको विद्युत् हवमा लैजानका लागि १० किमी लामो अन्तरिक प्रसारणलाइनको निर्माण कार्य भने अन्तिम चरणमा पुगेको वातावरण विज्ञ तेज साउथले बताउनुभएको छ ।

रसुवागढी तथा साङ्जेन जलविद्युत् आयोजनाले उत्पादन गरेको विद्युत् राजधानी पुऱ्याउनका लागि राष्ट्रिय प्रसारण लाइन निर्माणको काम हाल जारी छ । नयाँ निर्माण भइरहेको राष्ट्रिय प्रसारण लाइनबाट रसुवागढी, साङ्जेन, लाङ्टाङ खोला, लाङ्टाङ भोटेकोसी, अपर त्रिशूली-वानसमेतका आयोजनाबाट उत्पादन हुने विद्युत् जडान हुनेछ ।रासस

# खेतीयोग्य जमिन मासेर बस्ती विस्तार

गलेश्वर । म्याग्दीको बेनी नगरपालिकास्थित मिलनचोकका नरबहादुर थापा बगरफाँटमा रहेको लटरम्मै धान फल्ने खेतको बीचमा पक्की घर बनाएर बस्न थाल्नुभएको छ । उहाँका जेठाबुबा खड्गबहादुर थापाले पनि पाखोमा रहेको घर भत्काएर खेतको फाँटमै घर बनाउनुभएको छ ।

थापाद्वयका जस्तै म्याग्दीका धेरै ठाउँमा खेतीयोग्य जमिन मासेर घर निर्माण गर्ने क्रम तीव्र बनेको छ । उर्वर फाँटमा पक्की घर निर्माण गर्ने क्रम बढेसँगै खेतीयोग्य जमिन पनि नासिँदै गएको छ । वडानं ४स्थित सिङ्गा,वडानं १स्थित रत्नेचौर, मङ्गला गाउँपालिकाको बाबियाचौरलगायत सडकको पहुँच पुगेका ठाउँहरूको अवस्था पनि यस्तै छ ।

जिल्लाको अन्न भण्डार र प्राङ्गारिक खेतीको गाउँका रूपमा परिचित बगरफाँटमा पछिल्लो केही समययता पक्की घर निर्माण हुने क्रम बढेसँगै उर्वर फाँट कङ्क्रिटको सहरमा परिणत हुने स्थिति बढ्दै गएपछि यहाँका किसान चिन्तित बनेका छन् । सदरमुकाम बेनीबजारसँगै जोडिएको र सबै किसिमका सुविधाको पहुँच पुगेको ठाउँ भएको हुँदा यहाँको उर्वर भूमिमा पछिल्लो समय पक्की घर निर्माण गर्ने क्रम बढ्दै जान थालेको हो ।

धमाधम खेतीयोग्य जमिनमा पक्की भवन निर्माण हुन थालेपछि उत्पादनमा ह्रास आएको छ । एक त खेतीयोग्य जमिन घटदै गएको छ भने अर्को भएको जमिनमा पनि जाँगर लगाएर खेतीपाती गरिँदैन । बगरफाँटका बेदप्रसाद शर्मा भन्नुहुन्छ, "बाली झुल्नुपर्ने खेतका फाँटमा घर ठडिएपछि अन्नबालीको उत्पादनमा कमी आएको र आयातीत खाद्यान्नमा निर्भर रहनुपरेको छ ।"

खेती गरेर उत्पादित कृषिजन्य वस्तुको भन्दा बढी पैसा जग्गा बेचेर कमाउन थालेपछि किसानले धमाधम जग्गा बेच्न थालेका स्थानीयवासीको भनाइ छ ।

> **बजारमा प्रतिहात रु पाँच लाखको हाराहारीमा घडेरी बिक्री हुने गरेको भए पनि यहाँ प्रतिहात एकदेखि एक लाख ५० हजार मूल्यमा घडेरी पाइँदा घडेरीको खोजीमा मानिस बगरफाँटमा आउने गरेका हुन् ।**

खेतीयोग्य जमिन घडेरी बनाउनका लागि बेच्न थालेपछि अहिले स्थानीय उत्पादनमा म्याग्दी अघि बढ्न सकेको छैन ।

कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा खेतीयोग्य जमिनको धेरै भागमा घर, उद्योग र कलकारखाना बनेका छन् । सडक पुगेपछि जिल्लाको विकासमा भए पनि कृषियोग्य जमिन मासिँदै जान थालेको छ ।

प्राङ्गारिक गाउँका रूपमा परिचित बगरफाँटमा अहिले आठओटा पक्की घर निर्माण भएका छन् । उपल्लो फाँट र तल्लोफाँट (पलाँसे क्षेत्र) गरी दुई भागमा बाँडिएको बगरफाँट जिल्लाकै अन्न भण्डारका रूपमा चिनिन्छ । जिल्लाका विभिन्न स्थानबाट बसाइँ सरेर बगरफाँटमा घडेरी किनी घर बनाएर बस्ने व्यक्तिका कारण उर्वर फाँट मासिँदै गएको स्थानीयवासीको गुनासो छ ।

सदरमुकाम बेनीबजारसँगै जोडिएको बगरफाँटमा बजारको तुलनामा घडेरी निकै सस्तोमा पाइने हुनाले पनि बजारमा भन्दा यहाँ घडेरी किनेर घर बनाउनेको आकर्षण बढेको हो । बजारमा प्रतिहात रु पाँच लाखको हाराहारीमा घडेरी बिक्री हुने गरेको भए पनि यहाँ प्रतिहात एकदेखि एक लाख ५० हजार मूल्यमा घडेरी पाइँदा घडेरीको खोजीमा मानिस बगरफाँटमा आउने गरेका हुन् ।

हाँडेभिर-बगरफाँट-सुर्केमेला-बरङ्जा सडक निर्माण भएपछि बगरफाँटमा बस्ती विस्तार र जग्गाको किनबेच हुने क्रम बढेको स्थानीयवासी भवेन्द्रविक्रम शाह बताउनुहुन्छ । यही क्रममा बस्ती विस्तार हुँदै जाने हो भने केही समयपछि बगरफाँटको उर्वर भूमि सखाप हुने उहाँको भनाइ छ । "जिल्लामा न त आधुनिक खेती प्रणालीको विकास हुनसकेको छ, न त रैथाने परम्परागत कृषि पेसालाई राम्रोसँग अपनाउन सकिएको छ", स्थानीय किसान टेकबहादुर कार्की भन्नुहुनछ, "किसानले खेतीयोग्य जमिन बेच्नु बाहेकको विकल्प छैन ।"

जिल्लामा आठ प्रतिशत बेसी क्षेत्र, ५६ प्रतिशत उच्च पहाडी क्षेत्र र ३६ प्रतिशत हिमाली क्षेत्र रहेको छ । समुद्र सतहबाट सात सय ९२ मिटर (बेनी नगरपालिका-१ रत्नेचौर) देखि आठ हजार एक सय ६७ मिटर (धौलागिरि हिमाल) सम्म फैलिएको यस जिल्लाको कूल क्षेत्रफल दुई हजार दुई सय ९७ वर्ग किलोमिटर (दुई लाख २९ हजार सात सय ६ हेक्टर) छ । पन्ध्र वर्षयताको तथ्याङ्क हेर्ने हो भने खेतलाई घडेरी बनाउने होडका कारण यहाँको आधाभन्दा बढी जमिन घटिसकेको छ । अहिले आयातीत खाद्यान्नको भरमा यहाँको जनजीवन चलेको छ । दैनिक खेतीयोग्य जमिनमा पक्की भवन ठडिँदासमेत कसैले यसको पक्षमा वकालत गरेका छैनन् । बाहिरका मानिस सदरमुकाममा बसाइँ सरेर आएका छन् भने सदरमुकाम आसपासका मानिस खेतीयोग्य जमिन बेचेर काठमाडौं, पोखरा, चितवनजस्ता सहरमा जाने क्रम बढेको छ । अव्यवस्थित सहरीकरणले पनि खेतीयोग्य जमिनमा असर परेको स्थानीयवासी बताउँछन् ।

सहरी जीवनले पनि खेतीसँगको मोह घटाएको छ । अहिले यहाँका बुढापाकाले खेतीपातीको काम गर्दै आइरहे पनि युवाहरू पढाइ, लेखाइ र अन्य व्यापार व्यवसायमा संलग्न रहेका छन्।रासस

# बर्दियाका किसानलाई धान भित्र्याउन चटारो

बर्दिया । बर्दियाको बबई र कर्णाली नदीमा आएको बाढीले क्षति पुऱ्याएको धान भित्र्याउन राजापुर नगरपालिका-२ का ५८ वर्षीय सन्तोष थारूलाई एक छिन फुर्सद छैन । तिहार सकिएलगत्तै उहाँलाई अहिले पाकेको धान भित्र्याउने चटारो भएको हो ।

यस्तै गेरुवा गाउँपालिका-५ गिदरपुरकी भूमिसरा चलाउने पनि परिवारसहित दसैंको बेला आएको वर्षाले ढलेको र भिजेको धान काटन व्यस्त हुनुहुन्छ । फेरि पानी परेर धान नष्ट नहोस् भन्दै परिवारसहित पाकेको धान भित्र्याउन भ्याइनभ्याइ भएको हो ।

गत वर्ष पनि धान काट्ने बेला कात्तिक २ गते आएको बढीले ठूलो क्षति पुऱ्यायो । क्षतिको विवरण लिएर गए पनि धानको क्षतिपूर्ति नदिइएको गेरुवा गाउँपालिका-२का सञ्जय आचार्यले गुनासो गर्नुभयो । यस वर्ष पनि सहयोग नपाएको उहाँको भनाइ थियो ।

मानो छरेर मुरी भित्र्याउने समय भएकाले निर्वाचनको चहलपहललाई बेवास्ता गर्दै र सबै काम छाडेर पाकेको धानबाली भित्र्याउन जुटेको मधुवन नगरपालिका-२ ओराली बजारका रामपाल चौधरीले बताउनुभयो । रासस

# 'छठ' पर्वमा सामग्री खरिद गर्नेको भीड



विराटनगर । तिहारपछि तराईमा उमङ्गका साथ मनाइने 'छठ'पर्वका लागि बजारमा किनमेल गर्नेको अत्यधिक भीड लागेको पाइएको छ । यो भीड 'छठ' पूजाका लागि आवश्यक सामग्री खरिद गर्न लागेको हो । छठ पर्वका लागि पसलेले पनि आफ्ना सामान बिक्री गर्न व्यस्त देखिएका छन् । विराटनगरमा मात्र नभएर यो पर्व मनाउने क्षेत्रका बजार भीड देखिएको हो ।

लक्ष्मी पूजाको चार दिनपछि अर्थात् कात्तिक शुक्ल पक्षको चौथी तिथिका दिनबाट 'छठ'पर्व विधिवत्रूपमा आरम्भ हुन्छ । यसका लागि चाहिने सामग्री हरियो तरकारी र फलफूल स्याउ, केरा, सुन्तला, पानी भएको नरिवल, भोगटे, उखु, हरियो बोडी, मूला, अदुवाको बोट पर्छन् ।

पूजाका लागि बर्तालु एवं श्रद्धालुले बाँसका सामग्रीमा कोनिया, ढाकी र नाङ्लो पनि खरिद गर्ने गर्दछन् । 'छठ'पर्व मनाउने पोखरीको डिल, नहर र नदी किनारको सरसफाइ गर्दै आफ्ना लागि पूजास्थल सुरक्षित बनाउन थालेका छन् । घाटलाई आकर्षक एवं सजावट गर्न बर्तालुले लागिपरेका छन् । विराटनगरको सिङ्घिया खोला, केसलिया नदी, सुनसरी मोरङको सिँचाइ आयोजनाको नहर, पोखरीजस्ता स्थानमा सूर्य देवता र छठी माताको पूजा आराधनाका लागि विशेष साजसज्जाका साथ घाट निर्माणमा जुटेका छन् ।

'छठ' पर्व हेतु विराटनगर महानगरपालिकाले सुनसरी मोरङ सिँचाइ आयोजनाको समन्वय एवं सहकार्यमा विराटनगर क्षेत्रभित्र रहेका नहरलाई सरसफाइ पनि सम्पन्न गरेको छ । यसले घाट निर्माण गर्दा बर्तालु एवं श्रद्धालुलाई पूजापाठ गर्न निकै सहज भएको छ ।

विराटनगर-११ पिचरामा स्थानीय युवा क्लब र संस्थाको अग्रसरतामा नहरलाई सिँगार्न जुटेका छन् । शुक्रबारदेखि सुरु भएको 'पर्व'अन्तर्गत भोलि आइतबार साँझ अस्ताउँदो सूर्यलाई र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि सम्पन्न हुन्छ ।

यस पर्वमा ठकुवा, भुसुना, घ्यूमा तयार पारेका अन्य मिठाइ पनि खाने गर्दछन् । यो पर्वका लागि सरकारले आइतबार सार्वजनिक बिदा पनि दिएको छ । यो 'पर्व' को रौणक एवं चमक हेर्न आइतबार साँझ र सोमबार बिहान हजारौं मानिस घाटमा भीड लाग्ने गर्छ ।रासस

# खेती र फार्म सञ्चालनमा मजदुर पाइन छाडे

म्याग्दी । देशभरका कृषकलाई बाली भित्र्याउने चटारो छ । दसैं, तिहार मनाएपछि पहाडी क्षेत्रका कृषकले धान र कोदो भित्र्याउन थालेका छन् । खेतीबाली लगाउने र भित्र्याउने तथा पशुपक्षी फार्म सञ्चालन गर्न मजदुर अभाव मुख्य चुनौती बनेको छ ।

खेती लगाउने, भित्र्याउने तथा गाईभैंसी, भेडाबाखा फार्म सञ्चालन गर्न मजदुर पाइन छाडेका मङ्गला गाउँपालिका-२ सिमका दीपक केसीले बताउनुभयो । "काम गर्नसक्ने उमेरका मानिस विदेशमा छन्", भैंसी फार्म सञ्चालन गरेका केसीले भन्नुभयो, "तराई, मधेसका जिल्लाबाट मजदुर बोलाएको छु ।"

पशुलाई चरनका लागि लेक र बेंसी गराउने चलन अघिल्लो पुस्ताका वृद्ध थला परेपछि हराउँदै गएको छ । वृद्ध उमेरका कृषकले भेडा, बाखा, गाई र भैंसीका गोठ धानेका छन् । गोठाला नपाएपछि घोडा, गाई र भेडा पाल्न छोडेको धवलागिरि गाउँपालिका-३ फलियागाउँका चकबहादुर मल्लले बताउनुभयो ।

तीस हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन रहेको म्याग्दीमा हाल एक तिहाइभन्दा कम १९ हजार चार सय ९८ हेक्टरमा मात्र खेती हुन्छ । जनशक्ति पाइन छाडेपछि अर्म, पर्म, हुड्डा लगाएर खेतीबाली लगाउने, गोडमेल र भित्र्याउने चलन हराएको बेनी नगरपालिका-२ बाङ्गेराका कृषक वीरेन्द्र किसानले बताउनुभयो ।

"ट्र्याक्टर, थ्रेसर आदि उपकरणको विकासले सहज भए पनि लागत उठाउनै मुस्किल छ", उहाँले भन्नुभयो, "अर्मपर्म गर्ने चलन हराएपछि घरकै सदस्यले फुर्सद निकालेर खेती लगाउने र भित्र्याउने गर्न थालेका छौं ।"

> **"ट्र्याक्टर, थ्रेसर आदि उपकरणको विकासले सहज भए पनि लागत उठाउनै मुस्किल छ", उहाँले भन्नुभयो, "अर्मपर्म गर्ने चलन हराएपछि घरकै सदस्यले फुर्सद निकालेर खेती लगाउने र भित्र्याउने गर्न थालेका छौं ।"**

गाउँमा वृद्धवृद्धा, महिला, बालबालिका मात्रै भेटिन्छन् । रोजगारीको खोजीमा युवा जनशक्ति बाध्यताले विदेशिने अवसर र सुविधाको खोजीमा सहरतर्फ केन्द्रित हुने तथा सुविधाभोगी जीवनशैलीका कारण खेतीयोग्य जमिन बाँझिएर झाडी र जङ्गलमा परिणत हुन थालेका छन् ।

बस्तीदेखि टाढाका जमिनमा खेती गर्न छाडेकाले झाडी र जङ्गलमा परिणत भएका बेनी नगरपालिका-२ का पदमपाणि शर्माले बताउनुभयो । "ट्र्याक्टरले जोत्न, थ्रेसरले गेडा झार्न, खेतकै छेउमा ट्र्याक्टरबाट मल, नल, पराल, धान र गहुँ ओसार्न सजिलो त भएको छ", उहाँले भन्नुभयो, "टाढाको बाली लगाउन महँगो पर्ने भएपछि कतिपयले बाँझै छोडेका छन् ।" पछिल्लो जनगणनाअनुसार म्याग्दीको जनसङ्ख्या १० वर्षको अवधिमा छ हजारले घटेर एक लाख सात हजार भएको छ । २५ देखि ३० हजार जनसङ्ख्या विदेशमा छन् ।

खेती कार्यमा देखिएको जनशक्ति अभावको समस्या समाधानका लागि यन्त्र उपकरणको प्रयोगमा जोड दिएको कृषि ज्ञान केन्द्रका प्रमुख किरन सिग्देलले बताउनुभयो ।

कम श्रम र लागतमा गर्न सकिने फलफूल तथा नगदे बालीको खेती गरेर बाँझो जमिनलाई प्रयोगमा ल्याउन सकिने उहाँको भनाइ छ । बाँझो जमिनमा खेती गर्नेलाई अनुदानकोसमेत व्यवस्था मिलाएको सिग्देलले बताउनुभयो ।रासस

# साइकल वितरण कार्यक्रम दुई वर्षदेखि अलपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको 'मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ' कार्यक्रम अन्तर्गत साइकल वितरण पछिल्लो दुईदेखि अलपत्र परेको छ ।

साइकल खरिद प्रक्रियामा अनियमितता भएको भन्दै २०७८ असोजमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छापामारी गरेपछि सो कार्यक्रम अलपत्रमा रहेको छ ।

**चालु आर्थिक वर्षमा पनि सो कार्यक्रमको लागि प्रदेश सरकारले ३० करोड रकम विनियोजन गरेको छ । तर कार्यक्रमको निर्देशिका अहिले सम्म नबनेकोले चालु आ.व.मा पनि कार्यक्रम संचालन हुनेमा सम्भावना कम देखिएको छ ।**

आर्थिक वर्ष ०७५/०७६ र ०७७/०७८ मा दुई पटक भएको साइकल खरिदमा अनियमितता भएको घटना सार्वजनिक भएपछि अख्तियारले छापामारी गरेको थियो ।

अख्तियारले साइकल खरिदमा अनियमितता भएको भन्दै तत्कालीन सचिव यमप्रसाद भुषाल, खेलापाल राजाराम मण्डल, कानून उपसचिव दिलीप प्रधान, तत्कालीन जलश्रोत विकास डिभिजन कार्यालयका प्रमुख भागवान झा सहित कर्मचारी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । उक्त मुद्दा अहिले विशेष अदालतमा विचाराधीन नै रहेको छ ।

यता, साइकल खरिदमा अनियमितता भएको भन्दै अख्तियारले मुद्दा चलाएपछि सो कार्यक्रम मुख्यमन्त्री लालबाबु राउतले गत आर्थिक वर्षदेखि नै सामाजिक विकास मन्त्रालयमा सारेका छन् ।

तर सामाजिक विकास मन्त्रालयले उक्त कार्यक्रम संचालन गर्ने जिम्मेवारी शिक्षा विकास निर्देशनालयलाई दिएको छ । गत वर्ष पनि सो कार्यक्रमका लागि प्रदेश सरकारले ३० करोड रकम विनियोजन गरेको थियो । तर कार्यक्रमको निर्देशिका तयार नहुदाँ त्यो कार्यक्रम संचालन हुन नसेको शिक्षा विकास निर्देशनालयका निर्देशक चुडामणि फुयालले बताए ।

चालु आर्थिक वर्षमा पनि सो कार्यक्रमको लागि प्रदेश सरकारले ३० करोड रकम विनियोजन गरेको छ । तर कार्यक्रमको निर्देशिका अहिले सम्म नबनेकोले चालु आ.व.मा पनि कार्यक्रम संचालन हुनेमा सम्भावना कम देखिएको छ ।

निर्देशक चुडामणि फुयालले भने,' अहिलेसम्म त्यो मुद्दाको अदालतमै छ, अहिलेसम्म अदालतबाट कुनै आदेश आएको छैन । यस्तोमा त्यो कार्यक्रमलाई कसरी अगाडि बढाउने अहिलेसम्म कुनै निर्णय हुन सकेको छैन ।'

त्यो कार्यक्रम संचालन गर्ने विषयमा अहिलेसम्म प्रदेश सरकारले कुनै निर्णय नलिएको बताउँदै चुडामणि फुयालले भने,' हाम्रो दायित्वको त्यो कार्यक्रम आएपछि नयाँ शिराबाट संचालन गरिने हो । त्यसका लागि निर्देशिका आवश्यक पर्छ । तर अहिलेसम्म निर्देशिकाको विषयमा कुनै तयारी भएको छैन ।

स्थानीय तह र अहिले भइरहेको प्रदेश र प्रतिनिधिसभाको निर्वाचनले पनि त्यो कार्यक्रमको वारेमा अहिलेसम्म कुनै निर्णय हुन सकेको छैन ।' नयाँ सरकार आएपछि त्यसको निर्णयको आधारमा मात्रै कार्यक्रमलाई अगाडि बढाउने मनसायमा आफू रहेको निर्देशक फुयालले बताए ।

मधेश प्रदेश सरकारले बेटीहरुलाई पठनपाठनमा जोड दिन तथा महिला सशक्तिकरणमा जोड दिने उद्देश्यले कक्षा ८ मा पढ्ने छात्राहरुका लागि साइकल वितरण कार्यक्रम संचालनमा ल्याएको थियो । सो कार्यक्रम अन्तर्गत विभिन्न चार चरणमा सामुदायिक विद्यालयमा पढ्ने ४१ हजार २ सय ६२ थान साइकल वितरण भइसकेको छ ।

## पर्सा क्षेत्र नम्बर ४ को चुनावी प्रतिस्पर्धा रोचक बन्दै

# व्यक्तिको चरित्र र भ्रष्टाचार नै मुख्य चुनावी मुद्दा

**अनिल तिवारी**

वीरगञ्ज । पर्सा जिल्लाको पश्चिमी सीमावर्ती निर्वाचन क्षेत्र नम्बर ४ को चुनावी प्रतिस्पर्धा रोचक बन्दै गएको छ । प्रतिनिधिसभामा सत्ताधारी र प्रतिपक्षी गठबन्धनको तर्फबाट मात्र उम्मेदवारी परेकोले पनि चुनावी ध्रुवीकरण सोझो बन्दै गएको छ ।

सत्ताधारी गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका मधेश प्रदेश इन्चार्ज रमेश रिजालले उम्मेदवारी दिएका छन् । उनको प्रतिपक्षमा जनता समाजवादी पार्टी( जसपा) एमालेको गठबन्धनबाट जालिम मिया चुनावी मैदानमा ओर्लेका छन ।





प्रतिनिधिसभाका दुबै प्रतिस्पर्धी उम्मेदवार एउटै गाउँपालिका जगरनाथपुरका निवासी छन । पटक पटक सांसद बनेका रमेश रिजाल र पहिलो पटक संसदीय चुनाव लडेका मियाँबीचको प्रतिष्पर्धा रोचक हुने विश्लेषकहरुको कथन छ ।

क्षेत्रमा दलगत, सिद्धान्त, विकास भन्दा पनि उम्मेदवारको चरित्र र भ्रष्ट्राचार नै प्रमुख मुद्दा बनेको छ। सत्तारुढ गठबन्धनबाट कांग्रेसका उम्मेदवार रिजाल पटक-पटक सांसद भए पनि अधिकांश जिल्लाको सदरमुकाम वीरगञ्ज र राजधानीमा रहने गरेकाले उनीप्रति जनआक्रोश देखिएको छ । रिजालको विरुद्ध विपक्षी मियाँले सो विषयलाई मुद्दा बनाएका छन् ।

एमालेको तर्फबाट उम्मेदवार बनेका जालिम मिया पंचायतीकाल देखि बाहुबलीको रुपमा परिचित छन् । उनी बनफडानी गरेको र २०४६ सालको पहिलो जनआन्दोलन पछि जेल सजाय भोगेका हुन् । तर पंचायती व्यवस्था देखि नै स्थानीय तहमा उनको पकड बलियो रहेको छ ।

कोरोना महामारीको पहिलो चरणमा जालिम मियाँले संक्रमितहरुलाई भारतमा प्रवेश गराएको लगायतका कयौं विवादमा मुछिएका छन् ।तर उनको जनाधारमा त्यसले खासै फरक परेको देखिदैन् ।

पर्सा जिल्लाबाट रिजाललाई निर्वाचित गराउन मियाँको भूमिका महत्वपूर्ण रहने गरेको बताइन्छ ।बहुदलपछि कांग्रेसमा प्रवेश गरेका मियाँ रिजालकै सहयोगीका रुपमा रहेका थिए । तर पछि उनको कार्यशैलीबाट असन्तुष्ट बनेका मियाँले विरोध गर्दै माओवादी केन्द्रमा प्रवेश गरेका थिए । हाल एमालेबाट प्रतिनिधिसभामा चुनाव लडेका मियाँ २०७४ सालको स्थानीय तहमा जगरनाथपुर गाउँपालिकाका अध्यक्ष बनेका थिए ।

मियाँ जगरनाथपुर गाउपालिकाका अध्यक्ष रहेको बेला आर्थिक अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा विचाराधीन रहेको १४ वटा उजुरीलाई पनि चुनावको मुद्दा बनाइएको स्थानीय सहरुप राउतले बताए ।

हालै सम्पन्न स्थानीय तहको चुनावमा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतकी पत्नीलाई उपाध्यक्षमा पराजित गराउन मियाँको महत्वपूर्ण भूमिका रहेको थियो । तर अहिले जसपासितको गठबन्धनको कारण मियाँलाई राउतले सघाउनु परिरहेको छ । हुनत राउतले आफ्नो गृह क्षेत्र छाडेर पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को 'ख'बाट प्रदेशमा चुनाव लडेका छन् ।

पर्सा क्षेत्र नम्बर ४ को (क) बाट एमालेको तर्फबाट जयप्रकाश थारु प्रदेश सभामा उम्मेदवारी दिएका छन । सत्ताधारी गठबन्धनबाट थारुको विरुद्धमा प्रदेशसभा सदस्य शंकर चौधरीले उम्मेदवारी दिएका छन ।तर एक महिना अघि टिकट पाउनैका लागि जसपा परित्याग गरेर एमालेमा प्रवेश गरेका वीरेन्द्र यादव बागी उम्मेदवार बनेका छन् । प्रदेशसभा सदस्यमा त्रिकोणात्मक प्रतिस्पर्धा देखिएको छ ।

क्षेत्र नम्बर ४ को (ख) बाट सत्ताधारी गठबन्धनको तर्फबाट नेकपा माओवादी केन्द्रका शेख चांद ताराले उम्मेदवारी दिएकी छन । उनको प्रतिपक्षमा जसपाको तर्फबाट प्रदेशसभा सदस्य सिंगासन साह कलवार उम्मेदवार छन् ।दुवै बीच सोझो प्रतिस्पर्धा हुने भएकाले स्थिति अन्योलग्रस्त छ ।

हालै सम्पन्न भएको स्थानीय चुनावमा दोश्रो पटक छिपहरमाई गाउपालिकाको अध्यक्षमा एमालेको तर्फबाट विजयी भएका मनोज गुप्ताको बाजे प्रह्लाद साह बागी उम्मेदवार बनेका छन् । दुबैतर्फ देखिएको दुई बागी उम्मेदवारका भूमिकाले पनि प्रतिनिधिसभाका प्रतिपर्स्धीहरुलाई ठूलै धक्का लाग्ने स्थानीय मतदाताहरुको कथन छ ।

# नौसय भन्दा बढीले दिए राजीनामा

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल कम्युनिष्ट पार्टी एमाले पर्साबाट नेता तथा कार्यकर्ताहरुको ठूलो समूहले राजीनामा दिएका छन् ।

पार्टीले जसपासंग गरेको सम्झौताको विरोध गर्दै ९ सय भन्दा बढी स्थानीय नेता तथा कार्यकर्ताहरुले राजीनामा दिएका छन् ।

मधेश प्रदेश कमिटी सदस्य एवम् पार्टी क्षेत्र नम्बर १ का इन्चार्ज बाबुराम कौशिकको अध्यक्षता र केन्द्रीय सल्लाहकार परिषद् समिति सदस्यको प्रमुख आतिथ्यमा कदम रसुल,इस्लाम हवारी,जोगीन्दर साह लगायतका नेताहरुको बैठकले पार्टीले गरेको गठबन्धन गलत भएको ठहर गर्दै सामूहिक राजीनामा दिएको प्रेस विज्ञप्तिद्धारा जनाइएका छन् ।

मंसिर ४ गते हुन गइरहेको चुनावमा जसपाको उम्मेवादको विरोधमा खडा भएका स्वतन्त्र उम्मेदवारलाई सहयोग गर्ने गरी संयुक्त रुपमा ९ सय भन्दा बढी नेता तथा कार्यकर्ताहरुले सामूहिक राजीनामा दिएका छन ।

एक दिन अगाडि पर्सा जिल्लामा साहले गरेको भ्रमणपछि एमालेमा आएको यो भुइँचालोले आगामी चुनावमा ठूलो अर्थ राखिने विद्रोहीहरुको दाबी रहेको छ ।

# पोखरी व्यवस्थापन र सजावटमा १६ लाख खर्च

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्जको घडिअर्वा पोखरी छठघाटको सम्पूर्ण तयारी भएको छ । छठपूजामा सजावटका सन्दर्भमा घडिअर्वा नेपालमै प्रसिद्ध रहेको छ ।

व्यवस्थापन समितिका अध्यक्ष हिरालाल साह कानुका अनुसार यसपालि छठघाटको सजावट र व्यवस्थापनमा करिब १६ लाख ४२ हजार रुपैया खर्च हुने अनुमान गरिएको छ । टेण्टपण्डालमा ७ लाख २५ हजार , परिसर बाहिरको बत्ती सजावटमा १५ हजार , भिडियोग्राफीमा ४१ हजार , पुरस्कारमा ५ लाख , सरसफाइमा ५१ हजार रुपैया खर्च हुने अनुमान छ ।

सुरक्षा उपसमतिका संयोजक गुप्ताका अनुसार , छठघाटमा व्रतालु , दर्शनार्थी र भक्तजनहरुको सुरक्षा सहजताका लागि नेपाल प्रहरी , सशस्त्र प्रहरी र म्यादी प्रहरी गरी १ सय ५० सुरक्षाकर्मी र घडिअर्वा स्पोर्ट क्लबका ५० जना स्वंयसेवक परिचालन गरिने छ। यस्तै छठघाट परिसरमा १४ वटा सिसिटिभी क्यामेरा जडान गरिएको छ। सादा पोशाकमा पनि प्रहरी परिचालन गरिने बताइएको छ ।

तराईमा सबैलाई छठको चटारो लागेको छ । सबै तालतलाउ तथा ,नदी पोखरीका घाटहरु दुलही जस्तै सिंगारिएका छन् । त्यस्तै, वीरगञ्जको घडिहर्वा पोखरीलगायत अन्य ठाउँमा पनि छठको रमझम उत्तिकै छ। दुलहीझैं सिंगारिएका तलाउहरुमा हजारौं भक्तजन छठपूजामा भेला हुने गरेका छन् ।

अत्यन्त निष्ठा र कठोरतापूर्वक मनाइने छठपर्वको रौनकताले श्रद्धालुलाई निकै नै उत्साहित बनाएको छ । घाटहरुमा लगाइएको झिलिमिली बत्तीले रातिको समयमा झनै मनमोहक देखिन्छ । यस्तै गाउँघर, शहर बजारलगायत गल्लीमा गुञ्जिएका छठका सुमधुर गीतले यसको रौनकता अझै थपिएको छ । सुर्य देवको उपासना र षष्ठी माताको आराधना गरी ३६ घण्टासम्मको निर्जला व्रत बसे मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ ।




तराइमा भव्यताका साथ छठ पर्व मनाइने वीरगञ्जको घडिअर्वा पोखरी दुलही जस्तै सजाइएको छ । घडिअर्वा पोखरीमा लगभग २ लाख भन्दा बढी भक्तजन आउने अनुमान छठपुजा व्यवस्थापन समितिको छ । छठपूजा व्यवस्थापनको लागि यसबर्ष १६ लाख ४१ हजार खर्च हुने समितिले जनाएको छ ।

सबै जातजातीका मानिसहरु एकै ठाउँमा बसेर छठ मनाउने गरेकाले यस पर्वले सामाजिक एकता र समानताको सन्देश प्रवाहित गरेको संस्कृतिका जानकार उमाशंकर द्विवेदी बताउछन्।

चार दिनसम्म मनाइने छठ पर्वको पहिलो दिन व्रतालुहरु नुहाएर अरवा अरवाइन भोजन गर्ने गर्दछन् भने दोश्रो दिन साँझ प्रसादको रुपमा चामल, सक्खर र दूध मिलाएर बनाएको खीर ग्रहण ग्रहण गरी खरना गर्दछन् ।

त्यस्तै तेश्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ दिन तयार पारेको पूजा सामग्री घाटमा लगेर पूजा गर्ने गरिन्छ भने भने चौथो दिन बिहान उदाँउदो सूर्यलाई अर्घ दिएपछि छठको विधिवत समापन हुन्छ । महाभारतकालमा द्रौपदीसहित पाण्डवहरुले अज्ञात वासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवको आराधना गरेको र सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको कथन पनि प्रचलित रहेको छ ।

# परसियामा सद्भाव र्‍याली

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको भगंहा नगरपालिका ८ परसियामा सद्भाव र्‍याली निकालिएको छ ।

शनिबार साँझ सामाजिक सद्भाव कायम गर्न र्‍याली निकालिएको छ ।

विहीबार हिन्दू वाहिनी सम्राट सेनाले छठ पर्वको अवसरमा निकालेको शोभा यात्रामा हिन्दू-मुस्लिम समुदायबीच झडप भएको थियो । सुरक्षा निकायको पहलमा र्‍याली निकालेर सद्भाव कायम राख्ने प्रयास गरिएको छ ।



र्‍यालीमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपक कुमार पहाडी, प्रहरी उपरीक्षक कृष्ण पंगेनी, भंगहा नगरपालिकाका नगर प्रमुख संजिव कुमार साह, वडाध्यक्ष सरिफ कवारी र लोहरपट्टी नगरपालिकाका नगर प्रमुख शैलेन्द्र यादवको सहभागिता थियो ।

कार्यक्रममा सहभागीहरुले दुबै समुदायलाई सामाजिक सद्भाव कायम राख्न अनुरोध गरेका छन् । विहीबार दुई समुदायबीच भीडन्त हुँदा एक दर्जन मानिस दुई पक्षको घाइते भएका थिए । गृह मन्त्रालयले सो घटनामा छानबिन समिति गठन गरेका छन् भने सर्वपक्षीय बैठकले उपरान्त त्यस प्रकारको घटना हुन नदिन आठ बुंदे निर्णयसमेत गरिएको छ ।

# छठ हेर्न आरजू जनकपुरधाम आउँदै

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसकी केन्द्रीय सदस्य आरजू देउवा राणा छठ पर्व हेर्न जनकपुरधाम आउन लागेकी छन् ।



आइतबार दिउँसो उनी जनकपुरधाममा आउने कार्यक्रम रहेको छ । आरजू प्रधानमन्त्री शेरबहादुर देउवाका श्रीमती हुन् ।

आइतबार जनकपुरधाममा र सोमबार कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिको गाउँ नगराईन पुगेर छठ पर्व हेर्ने कार्यक्रम रहेको कांग्रेसका नगर उपसभापति राकेश विक्रमसाहलेजानकारी दिए । उनका अनुसार आइतबार बिहान साढे दश बजेकोविमानबाट राणा जनकपुरधाम आउने लागेका छन् ।

जनकपुरधाम आइसकेपछि विमानस्थलबाट पूर्वउपसभापति निधि निवासमा खाना खाने कार्यक्रम रहेको छ। दिनको खानापछि केहीबेर होटलमा विश्राम गरेर साँझ छठ पर्व र गगां आरती हेर्न राणा गंगा सागर पुग्ने छन् । राति होटलमा विश्राम गरेर सोमबार बिहान उदाउँदो सूर्यलाई दिइने अर्घ हेर्न पूर्वउपसभापति निधिको गाउँ नगराईन पुग्नेछन् ।

उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व सम्पन्न भइसकेपछि क्षेत्रीय सभापति निधिको निवासमा प्रसाद ग्रहण गर्ने कार्यक्रम राखिएको छ । त्यसपछि उनी नगराईन नगरपालिका अन्तर्गतको नेपाल-भारत सीमा जटही पुगेर नाका अवलोकन गर्ने छन् । सोही दिन उनी काठमाण्डु पनि फर्किने बताइएको छ । कांग्रेस नेताहरु उनलाई स्वागत गर्ने कार्यक्रमहरु पनि राखेका छन् । निधि पनि शनिबार साँझ जनकपुरधाम आएका छन् ।

# पालिका प्रमुखद्वारा साडी वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । औरही गाउँपालिकाका अध्यक्ष उमाशंकर प्रसाद साहले छठ पर्वका व्रतालुहरुलाई साडी वितरण गरेका छन् ।

चार दिवसीय छठ पर्वको दोस्रो दिन शनिबार एक कार्यक्रमको आयोजना गरी चार सय २६ जना व्रतालुलाई साडी वितरण गरेका छन् ।

साहको पहल र लगानीमा २३ वर्षदेखि उक्त क्षेत्रमा छठ पर्वको अवसरमा साडी वितरण हुँदै आएको स्थानीय नितेश कुमार साहले जानकारी दिए । उनका अनुसार औरही गाउँपालिका १ मा पर्ने पश्चिमवारी टोल, पुरनदाहा, झिटकोहीया र पौडेश्वरको छठ व्रतालुहरुलाई साडी दिइएको छ ।






मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान र मद्यपान नगरौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- नियमित रुपमा शारीरिक व्यायम गरौं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८